जनहितमा जारी

साबुन-पानीले नियमितरूपमा हात धुने बानी बसालौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com

बालबालिकालाई दण्ड दिएर होइन बुझाएर, सम्झाएर पढाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ मङ्सिर १२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 November 27 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९१


## नेपालको नाका खुल्यो, भारतले बन्द गर्‍यो

प्रस, रौतहट, ११ कात्तिक/

कोरोना भाइरसको सङ्क्रमण सीमानाका खोलेको छैन तर रौतहटमा नाका खोल्नको लागि नागरिकस्तरबाट नेपाली सुरक्षाकर्मीहरूले रोक लगाउँदै आएका थिए । माथिल्लो आदेश भनेर



गौरको बैरगनिया नाका खुला भएपछिको दृश्य । तस्वीरः प्रतीक

देखिएपछि चैतदेखि बन्द नेपाल–भारत सीमानाका अन्तर्गत गौरको बैरगनिया नाका आज बिहीवारदेखि खुला भएको छ ।

भारत सरकारले कात्तिक ६ गतेदेखि आफ्नो सीमानाका खुला गरे पनि नेपाल सरकारले अहिलेसम्म आधिकारिकरूपमा व्यापक दबाब भएपछि आजदेखि बैरगनिया नाका खुला गरिएको हो । रौतहट नागरिक समाजको अगुवाइमा नाका खोलिए पनि भारतीय सुरक्षाकर्मीहरूले रोक लगाएका छन् ।

यसअघि भारतले नाका खुला गरेपछि भारतीय सुरक्षाकर्मीहरूले नेपालतर्फबाट आज नाका खुला भएपनि भारत जान रोक लगाएका थिए । नाकामा अभिलेख राखेर जिल्ला प्रशासन कार्यालय, रौतहटले आवतजावत सहज गरेको प्रमुख जिल्ला अधिकारी इन्द्रप्रसाद यादवले बताए ।

## रक्सौल नाका पनि अवरुद्ध

प्रस, वीरगंज, ११ कात्तिक/

भारतीय पक्षको अवरोधको कारण नेपाल–भारत सीमा अन्तर्गत जाने नेपाली नम्बरका मोटरसाइकलहरू सहजरूपमा रक्सौल जाने तर भारतीय नम्बरका मोटरसाइकलहरू वीरगंज



शङ्कराचार्यद्वारमा रोकिएका सवारीसाधनहरू । तस्वीरः सौजन्य

वीरगंज–रक्सौल सडकखण्डमा आज बिहीवार आवतजावत ठप्प रह्यो ।

भारत सरकारले कात्तिक ६ गते आफ्नो सीमानाका खुला गरेपछि रक्सौल–वीरगंज आवतजावत शुरू भएको थियो । यो क्रममा भारततर्फ आउँदा सुरक्षाकर्मीले रोक लगाएको कारण आज रक्सौलवासीले नेपाली मोटरसाइकलको प्रवेशमा रोक लगाएका हुन् ।

नेपाली नम्बरका मोटरसाइकलहरू भारत प्रवेशमा रोक लगाइएपछि नेपाली सुरक्षाकर्मीले आज नाकाबाट पैदल आवतजावतमा पनि कडाइ गरेको छ । यसअघि, पैदल आवतजावतलाई नेपाली सुरक्षाकर्मीहरूले नजरअन्दाज गर्दै आएका थिए ।

यसैबीच, नाकाबन्दीको समाचार लिन गएका पर्सा पोस्ट साप्ताहिकका प्रकाशक अजितकुमार भुजेललाई भारतीय नागरिकले दुर्व्यवहार गरेका थिए । नेपालीहरूलाई प्रवेशमा रोक लगाउँदै आएका भारतीय नागरिकहरूको तस्वीर लिने क्रममा पत्रकार भुजेलसँग दुर्व्यवहार भएको हो । उनीहरूले तस्वीर डिलिट गर्न लगाएर भुजेललाई छाडेका थिए ।

पर्साकी प्रहरी उपरीक्षक गङ्गा पन्तले नेपालतर्फको सीमानाका बन्द रहेको र भारततर्फ सीमानाका खुला रहेको अवस्थामा शुरूदेखि सीमानाकामा तनावको अवस्था रहेको र आज आक्रोशितहरूले प्रदर्शन गरे पनि हाल सो स्थानको अवस्था सामान्य भइसकेको जानकारी गराइन् ।


## खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, अलौंको सूचना

उपरोक्त सम्बन्धमा अलौं खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अलौंमा नयाँ धारा जडानका लागि फर्म भर्नुभएका सम्पूर्ण उपभोक्ताहरूलाई नियमानुसारको शुल्क नेपाल एभरेष्ट बैंक लि., ड्राइपोर्ट श्रीसियामा रहेको यस उपभोक्ता समितिको खाता नं. ०१५००१०५२००१३७ मा रु. ४१००/– अक्षरेपी चार हजार एक सय जम्मा गरी मिति २०७७ साल मङ्सिर मसान्तसम्म सोको सक्कल भौचर पेश गरी धारा जडान गराउनुहुन यो सूचना प्रकाशित गरिएको बेहोरा जानकारीका लागि अनुरोध छ ।

**ओमकृष्णबहादुर लामिछाने (अध्यक्ष)**
**खानेपानी तथा सरसफाई उपभोक्ता समिति, अलौं, पर्सा**
**वीरगंज महानगरपालिका-१७**


## चौरसिया हत्याकाण्डमा आरोपितमध्ये ७ जनालाई उन्मुक्ति

प्रस, वीरगंज, ११ मङ्सिर/

मुकेश चौरसिया हत्याकाण्डमा आरोपित २७ जनामध्ये जिल्ला न्यायाधिवक्ताको कार्यालय पर्साले सातजनालाई उन्मुक्ति दिएको समाचार प्राप्त भएको छ ।

चौरसिया हत्याकाण्डका आरोपितलाई कारबाईको माग गर्दै विगत लामो समयदेखि वीरगंजमा आन्दोलनका कार्यक्रम हुँदै आएको थियो । सोमध्ये प्रहरीको प्रतिवेदनको आधारमा जिल्ला न्यायाधिवक्ताको कार्यालय वीरगंजले एक पक्षबाट राजकुमार गुप्ता, धीरज चौरसिया, वकील गद्दी तथा अर्को पक्षबाट नागेन्द्र चौधरी, रामचन्द्र साह, छोटेलाल यादव, परशुराम साहलगायत सातजनालाई घटनामा संलग्न नभएको भन्दै न्यायाधिवक्ताको कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको छ ।

जिल्ला न्यायाधिवक्ता पद्मबहादुर कार्कीका अनुसार तत्काल घटित घटनामा उल्लिखित व्यक्तिहरूको नाम प्रहरी प्रतिवेदनमा नदेखिएको कारण तथा प्रहरी अनुसन्धानबाट पनि सो घटनामा ती व्यक्तिहरू संलग्न नदेखिएकाले अनुसन्धानबाट खुलेका कारण यस कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको जानकारी गराए ।

गुट–उपगुटको कारण दुईटै पक्ष एकअर्काविरुद्धमा लागेपछि दुईटै पक्षबाट जिप्रकाले मुद्दा दर्ता गरेपछि २७ जना आरोपी भएका थिए । सोमध्ये मुख्य नेताहरूमाथि मुद्दा नचल्ने तथा बाँकी अन्य कार्यकर्तामाथि मुद्दा चल्ने सङ्केत देखिएको छ ।

कात्तिक ६ गते विन्ध्यवासिनी गाउँपालिकामा शपथग्रहणको विषयलाई लिएर झडप हुँदा चौरसिया सख्त घाइते भएका थिए । भोलिपल्ट चौरसियाको उपचारको क्रममा मृत्यु भएको थियो ।

## विवादका कारण पोखरिया नगरपालिकामा तालाबन्दी

प्रस, वीरगंज, ११ कात्तिक/

पोखरिया नगरपालिकाका कर्मचारी र निर्वाचित पदाधिकारीहरूबीच लामो समयदेखि चल्दै आएको विवाद चरम सीमामा पुगेको छ । विवादका कारण बिहीवार बिहान नगरपालिकामा तालाबन्दी गरिएको छ, जसले गर्दा सेवाग्राहीहरू मर्कामा परेका छन् ।

बिहीवार पोखरिया नगरपालिकाको सबै शाखामा तालाबन्दी भएको र कर्मचारीहरू नदेखिएको प्रत्यक्षदर्शी राजेश मिश्रले जानकारी गराए ।

यस विषयमा पोखरिया नगरपालिकाका नगरप्रमुख दीपनारायण रौनियारले कर्मचारीहरू समयमा नआउने र आए पनि काम नगर्ने गरेको बताए ।

उनले आफू कार्यालयमा बस्दा मात्र



तस्वीरः प्रतीक

कर्मचारीहरू बस्ने गरेको र कार्यालयमा नहुँदा कर्मचारीहरू पनि नहुने गरेकाले कर्मचारीहरूलाई आज कार्यालयबाट लखेटेको बताए । उनले कर्मचारीहरूले आफ्नो बानी नसुधारेसम्म कार्यालयमा

(बाँकी पाँचौं पातामा)


## अदालती कागजको किर्ते गरेर जग्गा नामसारी

प्रस, वीरगंज, ११ मङ्सिर/

काण्डैकाण्डमा मुछिएको मालपोत कार्यालय पर्साको अर्को कर्तुत सार्वजनिक भएको छ । वास्तविक जग्गाधनीलाई थाहा नदिई मालपोत कार्यालय, पर्साले एकै दिनमा संयुक्त जग्गाको कित्ताकाट तथा बेचबिखन गरेको पाइएको छ । हालै अलखिया मठअगाडि मुख्यसडकमा रहेको मर्कन्टाइलको जग्गाधनीलाई थाहै नदिई बिक्री गरेको आलोचना खेपिरहेको बेला मालपोत कार्यालय, पर्साले वीरगंज महानगरपालिका नगवा बी ७ कित्ता नम्बर ५४२ रहेको १ कट्ठा ८ धुर जग्गा धनीलाई खबर नगरी फुकुवा कित्ताकाँट तथा बिक्री गरेको जग्गाधनी माईस्थान निवासी धीरज गुप्ताले बताए ।

सो जग्गा धीरज गुप्ता तथा सन्ध्या देवीको संयुक्त नाउँमा थियो । आपसी विवादका कारण अदालतबाट जग्गा रोका गरिएको थियो । तर सन्ध्या देवीले अदालतबाटै आफ्नो अंशको जग्गा फुकुवा गराएकी थिइन् । अदालतले १ कट्ठा ८ धुरमध्ये सन्ध्यादेवीको अंशमा पर्ने साढे तीन धुर जग्गा फुकुवा गरेको थियो । तर मालपोत र नापी कार्यालयका कर्मचारीसँगको मिलेमतोमा सन्ध्या देवीले १४ धुर जग्गा छोरा सिद्धार्थको नाममा बकसपत्र गरिदिएकी छन् । शुरूमा उनले आफ्नो नाममा अदालतको आदेश भन्दै नामसारी गराइन् र पछि छोराको नाममा बकसपत्र गरिदिइन् । ५ वर्षपछि यो घटना सार्वजनिक भएको हो । योसम्बन्धी मुद्दा अहिले अदालतमा विचाराधीन छ । अदालतले सन्ध्या देवीको फुकुवा निवेदन परेपछि उनको अंशमा हुने रोका रहेको जग्गामध्ये १४ धुरको पूर्वतर्फबाट ४ खण्डको १ खण्ड फुकुवा गर्न आदेश गरेको थियो । सोही आदेशको आधारमा सन्ध्या देवीले १४ धुर जग्गा आफ्नो नाममा गराएको देखिन आएको छ । अहिले यस सम्बन्धमा अनुसन्धान जारी छ । प्रारम्भिक अनुसन्धानमा सन्ध्या देवी र मालपोत कर्मचारीको मिलेमतो देखिएको छ ।

जिल्ला अदालत पर्साले २०७२/४/१४ गते निर्णय गर्दै निवेदकले उल्लेख गरेको कित्ता नम्बर ५४२ को १ कट्ठा ८ धुरमध्ये पश्चिमतर्फको १४ धुर जग्गा रोक्का गरी बाँकी १४ धुर पूर्वतर्फबाट ४ खण्डको १ खण्ड फुकुवा गर्ने निर्णय गरेको थियो । सो निर्णयको पत्र मालपोत कार्यालय, पर्सामा पठाएको थियो तर सो पत्रमा पनि किर्ते गरिएको छ । अदालतबाट २०७२/४/१४ मा चलानी नं. ३८५ बाट पत्राचार गरे पनि सन्ध्या देवीले मालपोत कार्यालय पर्सामा दर्ता गराएको अदालतको पत्रको चलानी नं. ३८२ बनाइएको छ । यो पत्र नै किर्ते पत्र ठहर भएको हो । धीरज गुप्ताले अदालतमा विचाराधीन रहेको मुद्दाको जग्गा मालपोत कार्यालयले विपक्षीको नाममा नामसारी गर्नु कानून त्रुटि भएको र सोविरुद्ध कानून बमोजीम कारबाईको लागि उजूरी गर्ने बताएका छन् । अदालतको आदेश अनुसार कित्ता नं. ५४२ को १ कठ्ठा ८ धुरलाई १४/१४ धुर दुई कित्ता बनाउनुपर्ने र दुई



जग्गाधनी धीरज गुप्ता ।

कित्तामध्ये सन्ध्या देवीलाई १ कित्तामा रहेको १४ धुरबाट पूर्वतर्फ साढे ३ धुर जग्गा नामसारी गर्नुपर्नेमा सोविपरीत भएको हो । अहिले यो घटना उजागर भएपछि मालपोतमा पुनः हल्लीखल्ली मचिएको छ ।

यस विषयमा मालपोत कार्यालय, पर्साको मुद्दा शाखाका कर्मचारी राजेश्वर साहले अदालतको पत्र आफ्नो फाँटमा नआएको बताए । उनले अदालती पत्र मुद्दा शाखामा आउने र निर्णयार्थ टिप्पणी आदेश खडा हुने प्रावधान रहेको बताए । उनले यस विषयमा आफ्नो शाखाबाट कुनै काम नभएको जानकारी गराएकाले पनि यो घटनामा किर्ते जालसाजी भएको पुष्टि हुन्छ ।




## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।



**घमण्डले बताउँछ–पैसा कति छ। संस्कारले बताउँछ–परिवार कस्तो छ। बोलीले बताउँछ–मानिस कस्तो छ। बहसले बताउँछ–ज्ञान कस्तो छ। आँखाले बताउँछ अनुहार कस्तो छ र स्पर्शले बताउँछ– नियत कस्तो छ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# छानबिन र कारबाई गरोस्

**महोत्तरीको बर्दिबासमा ६ वर्षीया बालिकाको हत्या गरी बोरामा हालेर फ्याँकेको अवस्थामा एक दिनपछि शव बरामद भयो। शङ्काको आधारमा पक्राउ परेका एक युवकले बालिकाको हत्या गरेको स्वीकार गरेको छ। उनले मदिराको नशामा मातिएको बेला बालिकाको हत्या गरेको स्वीकारेका हुन्। उनी यसअघि पनि आफ्नै साथीको हत्या अभियोगमा अदालतबाट एक लाख रुपैयाँ धरौटीमा रिहा भएका थिए। बालिकाको बलात्कारपछि हत्या भएको स्थानीयको आशङ्का छ भने शल्यपरीक्षण रिपोर्ट नआएसम्म बलात्कार भन्न नमिल्ने प्रहरीको तर्क छ। घटना अमानवीय र कारुणिक भएकाले सो क्षेत्रका बासिन्दा आक्रोशित बनेका हुन्। हत्यारालाई आजीवन कारावासको सजाय दिनुपर्ने माग गर्दै उनीहरू आन्दोलनमा उत्रिए। सो क्रममा प्रहरीले चलाएको गोली लागी पीडित पक्षका प्रदर्शनकारीमध्ये एकजनाको ज्यान गयो, गोली लागेर थप दुईजना गम्भीर घाइते भए। न्याय मागिरहेको अवस्थामा पीडित पक्षमाथि नै गोली प्रहार भएर ज्यानसमेत गएपछि स्थिति झन् तनावपूर्ण बनेको छ। गोली प्रहार गर्ने सुरक्षाकर्मी र आदेश दिने अधिकारीलाई बर्खास्त गर्नुपर्ने, गोली लागी ज्यान गुमाएका युवकलाई शहीद घोषणा गर्नुपर्नेलगायतका मागसहित प्रदर्शन थप चर्किएको छ। स्थानीय प्रशासनले कर्फ्यू लगाउँदासमेत नभएपछि छलफल र संवादलाई जोड दिएको छ।**

**जहाँ अन्याय, अत्याचार र मानवीय मूल्य मान्यताविपरीत कुकृत्यहरू हुन्छन्, त्यहाँ जनाक्रोश बढ्नु र नागरिक विरोधमा उत्रनु स्वाभाविक हो। लोकतान्त्रिक मुलुकमा विरोध संवैधानिक अधिकार हो। यो विभिन्न उद्देश्य र किसिमका हुन्छन्। बर्दिवासमा बालिका हत्याको घटना जसले सुने पनि रगत उम्लने किसिमको छ। अर्कोतर्फ अभियुक्त यसअघि पनि ज्यान मुद्दामा मुछिसकेको र विभिन्न चाल चलेर मुक्त भएको भन्ने कुराले यस घटनामा पनि कतै कमजोर अनुसन्धान तथा कारबाई होला कि भन्ने शङ्का उपशङ्का उठ्नु गलत होइन। १३ वर्षीया बालिका निर्मला पन्तदेखि बर्दिबासकी ६ वर्षीया बालिका गुलाब शाह खातुनको हत्यासम्म आइपुग्दा धेरैजना बालिकाको बलात्कार र हत्या भइसकेको छ। बलात्कारपछि त्रिशूल रोपेर हत्या, हथौंडाले हानेर, ढुङ्गाले किचेर र घाँटी थिचेर बीभत्स हत्याका घटनाहरू भए। तर त्यस्ता अपराधलाई कारबाई गर्ने कानून र अनुसन्धान शैली पुरानै छ। कतिपय घटनाका अभियुक्तले सफाइ पाइसकेका छन् भने कतिपय घटनाका अभियुक्त नै पत्ता लाग्न सकेको छैन। अब त्यस्तो नहोस् भन्न र अपराधीलाई कडा सजायको कानूनी व्यवस्था होस् भन्नका लागि पनि नागरिक समुदायको बुलन्द आवाज जरुरी छ।**

**यो अवस्थामा पनि बर्दिबासमा शान्तिपूर्ण विरोध प्रदर्शनसँगै राजमार्ग अवरुद्ध गरिएको थियो। प्रहरीले हवाई फायर गर्दै सडक खोल्न बल प्रयोग गरेपछि मात्रै स्थिति तनावपूर्ण बनेको हो। राजनीतिक दलका कार्यकर्ताले दलभित्र गुट उपगुटको झगडामा तीन दिनसम्म राजमार्ग अवरुद्ध गर्दा कानमा बतास नपर्ने मुलुकको प्रहरी प्रशासनलाई, हत्याजस्तो संवेदनशील घटनाका पीडित पक्षले केही बेर सडक अवरुद्ध गर्दा के बित्यो? समय बित्दै गएपछि आक्रोश मत्थर हुने र सांसदलाई जोड दिनु बुद्धिमत्ता हुने थियो। प्रहरी प्रशासनको अधैर्यताका कारण त्यहाँ जटिल अवस्था आएको स्पष्ट छ, राज्यले निष्पक्ष छानबिन, अनुसन्धान र कारबाई गरोस्।**

# ओली र प्रचण्ड मात्र किन ? अन्य किन होइन !

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**नेपाली जनतालाई न ओली, न प्रचण्ड नेतृत्वको सरकार बाट केही उल्लेखनीय काम हुने अपेक्षा छ। ओली र प्रचण्डबाहेक नेताको नेतृत्वमा नयाँ सरकारबारे विचार गर्नु सत्ताधारी नेकपा तथा नेपाली जनताको पनि हितमा हुनेछ।**

सत्ताधारी नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष प्रधानमन्त्री केपीशर्मा ओली तथा पुष्पकमल दाहाल प्रचण्डबीचको वैयक्तिक सर्वोच्चता, अहङ्कार तथा पदीय लोलुपताका कारण दुईतिहाई बहुमतको जनादेशको पनि सम्मान गर्न सत्ताधारी दल अक्षम साबित भइरहेको छ। देशमा राजनीतिक स्थिरता कायम गर्ने, स्थायी शान्ति बहाली गर्ने तथा देशलाई आर्थिक समृद्धिको दिशामा डोऱ्याउन नेपाल कम्युनिस्ट पार्टीको बहुमतको सरकार सफल साबित हुने अपेक्षा र विश्वास सहित नेपाली जनताले यस पार्टीलाई तीन वर्ष अघि झन्डै दुईतिहाई बहुमत प्रदान गरेको थियो। प्रधानमन्त्री केपीशर्मा ओली स्वयंले पनि 'सुखी नेपाली समृद्ध नेपाल' को नारा अघि सारेका थिए तर कोरोना महामारीसित मुकाबिला गर्न असफल सरकारले नेपाली जनतालाई सुखी बनाउने तथा देशलाई समृद्ध बनाउने कल्पन्ना पनि गर्न सकिंदैन।

नेकपाका अध्यक्ष पुष्पकमल दाहालले पनि केवल पद र सत्ताको निमित मात्रै प्रधानमन्त्री केपीशर्मा ओलीसित बार्गेनिङ गर्दै आएका छन्। सत्ताधारी नेकपा नेतृत्व पङ्क्तिभित्र पनि यो विषय निकै चर्चामा छ कि ओली र प्रचण्ड मात्र किन, अन्य नेताले किन सरकारको नेतृत्व गर्द सक्दैनन्?

आर्थिक अनुशासन अर्थात् भ्रष्टाचार नियन्त्रण, सरकारको कामकाजमा अनुशासन र पारदर्शिता, जनताका जल्दाबल्दा समस्याको समाधानमा जायज चिन्ता तथा आफ्नो सरकारलाई सचेत गराउन र कोरोना महामारीसित मुकाबिलामा जनताको पक्षमा डटेर उभिन प्रचण्ड पनि लागेका देखिएनन्। परराष्ट्र नीतिको सवालमा पनि प्रधानमन्त्री ओली र प्रचण्डको धारणा एकै किसिमको छ। नेपाली जनताको निम्ति प्रचण्ड अथवा ओली नेतृत्वको सरकारमा कुनै तात्त्विक भिन्नता छैन। सत्ताधारी नेकपासित झन्डै दुईतिहाई बहुमत छ र यस पार्टीभित्र पनि अनेकौं योग्य, सक्षम र अनुभवी नेताहरू छन् जो देशलाई सही नेतृत्व प्रदान गर्न सक्छन्, सही मार्ग दर्शन प्रदान गर्न सक्छन्। सिन्डिकेट र भागबन्डाको राजनीतिले देशको भलो गर्न सक्दैन। नेपालका लागि ओली र प्रचण्डबाहेकको सरकार नै कारगर साबित हुनेछ।

तीन वर्ष अघि भएको संसदीय र प्रादेशिक सभाको निर्वाचनमा तत्कालीन नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सहमति र समर्थनबाट जारी भएको साझा चुनावी घोषणापत्रको प्रमुख बुँदाहरूको समीक्षा गर्दा प्रस्टरूपमा भन्न सकिन्छ कि विगत तीन वर्षमा यस पार्टीका अध्यक्षद्वयले स्वयं आफ्नै प्रतिबद्धता (चुनावी घोषणा पत्र) कार्यान्वयनमा समेत इमान्दारी देखाउन सकेनन्। यी अध्यक्षद्वयबीच पटकपटक संवाद र छलफलपश्चात् सहमति कायम भएपनि मात्र ओली सरकारले पाइला चाल्दै आएको छ। तसर्थ ओली सरकारको असफलताको निम्ति प्रचण्ड पनि प्रधानमन्त्री ओली जति नै जिम्मेवार छन्।

नेकपाको चुनावी घोषणापत्रको पहिलो बुँदामा नेपाललाई पाँच वर्षभित्र विकासशील राष्ट्र बनाउने कुरा उल्लेख छ, अब बाँकी रहेको दुई वर्षमा नेपाललाई विकासशील राष्ट्र बनाउन स्वर्गबाट कुबेरले आफनो खजाना (ढुकुटी) खोलेमात्र सम्भव हुन सक्छ। त्यसैगरी १० वर्षभित्र प्रतिव्यक्ति आय ५ हजार डलर पुऱ्याउने वाचा गरिएको छ। अहिलेको अवस्थामा यो लक्ष्य प्राप्त गर्न अझ डेढ दशक लाग्नेछ। नेकपाको घोषणापत्र अनुसार सन् २०४२ सम्म (विसं २०९९ सम्म) नेपाल सम्मुन्नत राष्ट्र हुने महत्त्वाकाङ्क्षा व्यक्त गरिएको छ। वर्तमान अवस्था हेर्दा यस लक्ष्यसम्म पुग्न अझ ५० वर्ष लाग्नेछ। प्रतिबद्धता अनुसार नेपाल त एक वर्ष अघि नै खाद्यान्न, माछामासु, अन्डा र दूधमा आत्मनिर्भर भइसक्नुपर्ने थियो। अहिले पनि अधिकांश खाद्यान्न बाहिरबाट नै आइरहेको अवस्था छ। माछा, मासु, अन्डा र दूधको अवस्था पनि खाद्यान्नभन्दा फरक छैन। कृषि उत्पादन १० वर्षमा दोब्बर बनाउने कुरा उल्लेख छ तर वर्षा र समयमा किसानहरूले मल खाद पाइरहेको अवस्था छैन। सरकारले उपलब्ध गराउन सकिरहेको छैन। ३ वर्षभित्र काठमाडौंमा विद्युतीय सवारी गुडाउने घोषणा पनि हात्ती आयो हात्ती आयो, फुस्सा साबित भइरहेको छ। ५ वर्षमा पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माण पनि हावादारी गफ साबित भएको छ। १० वर्षमा १५ हजार मेगाबाट बिजुली उत्पादन गरिने कुरा पनि पत्यारलाग्दो छैन।

सत्ताधारी नेकपाको प्रतिबद्धता अनुसार अहिलेसम्म देशमा तीन हजार मेगावाट बिजुली उत्पादन भइरहनुपर्ने हो तर अहिले पनि भारतबाट बिजुली आयात भइरहेको कारण देश टुकी युगमा पुग्नबाट जोगिएको छ। कुलमान घिसिङलाई हटाएर सरकारले यस अभियानरूपी बेलुनमा सियो घोची सकेको छ। घरघरमा बिजुली, जनजनलाई शेयर को प्रतिबद्धता पनि हावामा छ। लोडसेडिङ बढ्दै गएको छ। शेयरको कुरा झन् एउटा मजाक बन्न पुगेको छ। ५ वर्षभित्र निजगढ विमानस्थल निमार्णको कुरा पनि सम्भव देखिएको छैन। समुद्रमा नेपाली झन्डावाहक पानीजहाज चलाउने घोषणा पनि पूरा हुने छाँट देखिंदैन। सरकारी स्वास्थ्यकर्मी (डाक्टर) लाई निजी अस्पतालमा काम गर्न रोक लगाउन सकिएको छैन। १५ वर्षमुनि र ७५ वर्षमाथिका लागि निश्शुल्क स्वास्थ्य उपचारको घोषणा पनि कार्यान्वयनमा आउन सकेन। कोरोना महामारीको उपचार पनि निश्शुल्क गराउने नसक्ने सरकारबाट थप के अपेक्षा राख्ने?

नयाँ शिक्षा नीति बनाउने काम पनि पूरा हुन सकेन। उपरोक्त सबै चुनावी प्रतिबद्धता नेकपाका दुवै अध्यक्षले संयुक्त रूपमा व्यक्त गरेका थिए। अहिलेसम्म यस दिशामा प्रगति शून्य छ भने यसको जिम्मेवार कुनै एकलाई मात्र कसरी मान्ने? उपरोक्त मुख्य घोषणाहरूबाहेक थप अनेकौं चुनावी घोषणाहरू थिए जसलाई नेकपाले बिर्सिसकेको छ। ३ वर्ष अघिको अवस्थाका कारण नेपाली जनताले केपीशर्मा ओली नेतृत्वको सरकारबाट जनजीवनमा आमूल परिवर्तन आउने तथा देश आर्थिक समृद्धिको दिशामा अगाडि बढ्ने अपेक्षा गरिएको थियो। तर प्रत्येक क्षेत्रमा जनतालाई निराशा तथा असफलता नै हात लागेको छ। प्रचण्ड पनि ओली सरकारको असफलतामा समानरूपले अंशियार (भागीदार) छन्। सरकार गठन, मन्त्रिमण्डलमा सहभागिता, सरकारको नीति तथा कार्यक्रम निर्धारण तथा महत्त्वपूर्ण निर्णय र नियुक्ति, प्रत्येकमा प्रचण्डको पनि सहमति र समर्थन रहँदै आएको छ। तसर्थ उनी पनि सरकारको असफलताको आरोपबाट उम्किन पाउने छैनन्।

नयाँ नेपाल बनाउने र नेपाली जनतालाई सबै किसिमको भेदभाव तथा उत्पीडनबाट मुक्ति दिलाउने आश्वासन दिएर हजारौं नेपनली युवाको हातमा हतियार थमाएर एक दशकसम्म सशस्त्र सङ्घर्ष गर्न लगाएका थिए। यस सशस्त्र सङ्घर्षका कारण १७ हजार नेपालीले ज्यान गुमाएका थिए भने एक लाख मानिस अपाङ्ग भएका थिए। देशको अर्बौं खर्बौं धन–सम्पत्ति नाश भयो। प्रचण्ड पनि दुईपटक देशको प्रधानमन्त्री भइसकेका छन्। उनको कार्यशैली पनि ओलीभन्दा फरक छैन। तसर्थ नेपाली जनतालाई न ओली, न प्रचण्ड नेतृत्वको सरकारबाट केही उल्लेखनीय काम हुने अपेक्षा छ। ओली र प्रचण्डबाहेक नेताको नेतृत्वमा नयाँ सरकारबारे विचार गर्नु सत्ताधारी नेकपा तथा नेपाली जनताको पनि हितमा हुनेछ।

# सामाजिक सुरक्षा कार्यान्वयनमा रोजगारदाता इमानदार बनेनन्

काठमाडौं, ११ मङ्सिर/रासस

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घ–नेपाल आबद्ध परिषद्ले अनौपचारिक तथा स्वरोजगार क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा समेट्न माग गरेको छ। परिषद् आबद्ध नेपालका तीन ठूला ट्रेड युनियन नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट), नेपाल ट्रेड युनियन काङ्ग्रेस र अखिल नेपाल ट्रेड युनियन महासङ्घले संयुक्तरूपमा विज्ञप्ति जारी गर्दै असङ्गठित तथा स्वरोजगारमा संलग्न श्रमिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउन सामाजिक सुरक्षा योजना कार्यविधि परिमार्जन गर्न सरकारको ध्यानाकर्षण गराएका हुन्।

सङ्गठित क्षेत्रका श्रमिक श्रम कानून अनुसार सामाजिक सुरक्षाबाट संरक्षित भए पनि सामाजिक सुरक्षाको छाताभित्र नभएको अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई समेट्न नसक्दा सामाजिक सुरक्षा योजना आम श्रमजीवीको आकर्षण बन्न नसकेको परिषद्ले जनाएको छ।

परिषद्ले श्रमिकको रोजगारको सुरक्षाका लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन अनुसार बेरोजगार बीमा योजना तत्काल शुरू गर्न अनुरोध गरेको छ।

यस्तै योगदानकर्ताको आश्रित परिवारलाई समेत समेट्ने गरी स्वास्थ्य तथा उपचार सुविधामा परिमार्जन गर्न आग्रह गरिएको छ। सामाजिक सुरक्षा कोषमा उपदान वा अवकाश कोषकै रूपमा स्वेच्छिकरूपले तोकिएभन्दा बढी रकम जम्मा गर्ने व्यवस्था मिलाउन माग गर्दै परिषद्ले सञ्चयकोष तथा उपदान व्यवस्थापन गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐनसँग बाझिएका कानून परिमार्जन गर्न पनि सरकारसँग अनुरोध गरेको छ।

तेस्रो सामाजिक सुरक्षा दिवसका सन्दर्भ पारेर बुधवार आयोजित पत्रकार सम्मेलनमा परिषद् एवं जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले मुख्य योजनामा देखिएको कमीकमजोरी हटाई श्रमजीवीलाई प्रोत्साहित गर्ने कार्यक्रम ल्याउन सरकारको ध्यानाकर्षण गराए। "सङ्गठित क्षेत्रका श्रमिक जो, कुनै न कुनैरूपमा सीमित भए पनि श्रम कानून अनुसार सामाजिक सुरक्षाबाट संरक्षित थिए, तिनलाई नै सम्बोधन गर्नेगरी नयाँ योजना सञ्चालन गर्दा ठूलो सङ्ख्यामा रहेका र सामाजिक सुरक्षाको छाताभित्र नभएको अनौपचारिक तथा स्वरोजगारी श्रमिकलाई समेट्न नसक्दा आम श्रमजीवीको आकर्षणको विषय बन्न सकेन"–उनले भने–"सङ्गठित क्षेत्रका लागि यो नौलो विषय बन्न सकेन जसका लागि नौलो र राहतयोग्य कुन हुनसक्थ्यो, त्यसका लागि सामाजिक सुरक्षा कार्यक्रमले कुनै प्रभाव पारेन।"

सामाजिक सुरक्षा कार्यक्रम घोषणा गरेको दुई वर्ष पुगे पनि रोजगारदाताको न्यून सहभागिताले श्रमजीवीप्रति रोजगारदाताले बेइमानी गरेको पुष्टि भएको उनको भनाइ छ। बुधवारसम्म कोषमा १२ हजार ९१५ रोजगारदाता र एक लाख ७९ हजार ७९१ योगदानकर्ता सूचीकृत भएका छन्। "सूचीकरण र योगदानको अवस्थाका आधारमा योजनासम्बन्धी नीति तथा योजना निर्माणमा सहभागी रोजगारदाता सङ्गठनका नेतृत्वले समेत आफ्ना प्रतिष्ठान सूचीकृत नगर्नुले रोजगारदाता इमानदार नबनेको पुष्टि हुन्छ"–अध्यक्ष श्रेष्ठले भने–"श्रमिक सङ्गठन र रोजगारदाता सङ्गठनको सहमतिमा सरकारले योजना लागू गरेको भए पनि योजना कार्यान्वयनमा न सरकार गम्भीर बन्न सक्यो न रोजगारदाता इमानदार बने।"

# देशभरि भिटामिन 'ए' खुवाइँदै

काठमाडौं, ११ मङ्सिर/रासस

देशभरिका बालबालिकालाई आजदेखि भिटामिन 'ए' निश्शुल्क खुवाउन थालिएको छ। ६ महीनादेखि ५९ महीनाका २७ लाख १८ हजार ४५९ बालबालिकालाई आज बिहीवार र भोलि शुक्रवार भिटामिन 'ए' खुवाउन थालिएको हो।

गत कात्तिक २ र ३ गते खुवाउनुपर्नेमा बडादशैंका कारणले एक महीनापछि खुवाउन थालिएको स्वास्थ्य सेवा विभाग, महिला कल्याण महाशाखा, पोषण शाखाका जनस्वास्थ्य अधिकृत कल्पना पाण्डेले बताइन्। यसअघि कोरोना भाइरसका कारणले वैशाखमा भिटामिन 'ए' कार्यक्रम लागू हुनुपर्नेमा गत असार २२ र २३ गते गरिएको थियो।

मुलुकका ७५३ स्थानीय तहका सबै वडामा स्वास्थ्य स्वयंसेविकामार्फत भिटामिन 'ए' खुवाउन थालिएको हो। सरकारले विसं २०५० देखि कुपोषणबाट बचाउन र भिटामिन 'ए'बाट हुने रोग नियन्त्रण गर्न भिटामिन 'ए' कार्यक्रम लागू गरेको हो। भिटामिन 'ए'सँगै जुकाको औषधि (अल्वेन्डाजोल) र बालभिटा खुवाइन्छ। करीब ५२ हजार स्वयंसेविका कार्यक्रममा संलग्न छन्।


एकदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई जुकाबाट बचाउन औषधि खुवाइन्छ। उनका अनुसार यसपटक जुकाको औषधि २४ लाख ८ हजार ३३० बालबालिकालाई खुवाउन

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## नेपालमा महँगीका कारणहरू के के हुन् ?

नेपाल संसारकै महँगो राष्ट्र हुनुपर्छ। नेपालका बजारहरूमा उपलब्ध वस्तु एवं सेवाको मूल्यले यस कुराको पुष्टि गर्दछ।

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालको गैरकृषि क्षेत्रमा पनि उत्पादन लागत कम पार्न उच्च प्रविधि प्रयोग भएको पाइँदैन । बृहत् उत्पादन गरिएको पाइँदैन । कृषि मात्र होइन, अन्य क्षेत्रमा पनि बृहत् उत्पादन गरेर, लागत नियन्त्रण गर्न सकिन्छ र वस्तु एवं सेवाको मूल्य कम पार्न सकिन्छ ।**

हुन पनि नेपालमा सस्तो कुनै कुरा छैन । स्वास्थ्य सेवा, शिक्षा, आवास, यातायात, मनोरञ्जन, ऊर्जा, खाद्यान्न, औषधि सबै महँगो छ। नेपाल यस्तो देश हो जहाँ मध्यमवर्गीय परिवारले पनि बचत गर्न सक्तैन । अर्थात् मध्यमवर्गीय परिवारले पनि आफ्नो आम्दानीको सम्पूर्ण भाग केवल आजीविका चलाउनमैं खर्च गर्छ । उच्चवर्गले भने केही बचत गर्न सक्छ तर पनि अपेक्षित मात्रामा होइन । विकसित देशका उच्चवर्गलेभैंm नेपालको उच्चवर्गले बचत गर्न सक्तैन। नेपालमा कुनै पनि कुरा अति सस्तो छ भन्ने छैन । यो कारणले गर्दा पनि नेपालको राष्ट्रिय पूँजीको आकार ठूलो हुन सकेको छैन।

नेपालका निम्नवर्गीयहरूको स्थिति त झन् कष्टकर छ, कहालीलाग्दो छ । उनीहरूको स्थिति जहिले पनि ऋणात्मक रहन्छ। निम्नवर्गीयहरूका लागि आफ्नो आवास दुर्लभ छ। काठमाडौं, वीरगंज, विराटनगर, पोखराजस्ता ठूला–ठूला शहरमा निर्धन व्यक्तिले आफ्नै घर बनाएर बस्न पाउनु लगभग असम्भव छ। यस्तो हुनुका दुई कारण छन्। पहिलो–निम्न आय भएकासँग बचत नै हुँदैन । दोस्रो–अकुशलता, प्रबन्धकीय क्षमताको अभाव, उच्च प्रविधिको कम प्रयोगजस्ता कारणले गर्दा नेपालमा भवन निर्माण विश्वमा नै ज्यादै महँगो छ। अनावश्यक खर्चहरूले गर्दा भवन निर्माण ज्यादै खर्चिलो र बोझिलो हुन पुगेको छ । भवन निर्माणलाई कम खर्चिलो बनाउन सरकारले पटक्कै ध्यान दिएको पाइँदैन। निजी क्षेत्रले पनि प्रयास गरेको देखिँदैन।

नेपालमा अति महँगी भए पनि जीवन भने चलेकै छ। कसरी होला ? नेपालको अर्थतन्त्रमा विप्रेषण (रेमिट्यान्स) को ठूलो प्रभाव छ । नेपालमा ठूलो मात्रामा रेमिट्यान्स आउने गर्दछ। कुल गार्हस्थ्य उत्पादनको तुलनामा विश्वमैं सर्वाधिक विप्रेषण प्राप्त गर्ने राष्ट्रहरूको श्रेणीमा नेपाल तेस्रोमा पर्दछ । नेपालले आफ्नो गार्हस्थ्य उत्पादनको लगभग ३० प्रतिशत बराबर आय विप्रेषणबाट प्राप्त गर्दछ। अर्थात् नेपालको कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको हिस्सा ३० प्रतिशत रहेको छ। विप्रेषण अधिक पाउने राष्ट्रहरूको श्रेणीमा एक र दुई नम्बरमा क्रमशः टोंगा र हाइटी पर्दछन्। नेपालको स्थिति यस्तो रहनु अर्थतन्त्रको लागि ज्यादै दुःखद कुरा हो। यो स्थितिले नेपाल विप्रेषणले चलेको देश हो भन्ने बुझाउँछ जुन लज्जास्पद हो।

लगभग पचास लाख नेपाली अहिले देश बाहिर छन्। खासगरी अन्तर्राष्ट्रिय श्रम बजारमा काम गर्ने नेपालीहरूले ठूलो परिमाणमा स्वदेशमा विप्रेषण पठाइरहेका छन्। विप्रेषणले गर्दा नै नेपालमा जेनतेन जीवन चलेको छ । विप्रेषणले देश नधानेको भए नेपालमा गरीबी ठूलो मात्रनमा वृद्धि भएर जीवनयापन अति कठिन हुने थियो । भोखमरीको अवस्था हुने थियो। तर धन्य, नेपाललाई विप्रेषणले थेगेको छ।

नेपालमा महँगी उच्च बिन्दुमा पुग्नुका अनेक कारण छन्। ती सबै कारण यो छोटो लेखमा प्रस्तुत गर्न नसकिने भएकोले केवल दुई कारण प्रस्तुत गर्ने प्रयास गरिएको छ।

नेपालको महँगी आकाश छुने हुनुको प्रमुख वा पहिलो कारण हो सरकारहरू गैरजिम्मेवार हुनु। कम लागतमा ठूलो परिमाणमा उत्पादन गर्न सकिने वा उत्पादन लागत घटाउन सकिने उपायको खोजी नेपालमा गठन भएका सरकारहरूले कहिले पनि गरेनन्। महँगी नियन्त्रणलाई कुनै पनि सरकारले गम्भीर विषयको रूपमा लिएन। कम्युनिस्ट वा काङ्ग्रेस कुनैको सरकारले पनि महँगी नियन्त्रणलाई प्रमुख प्राथमिकताको सूचीमा राखेन । सबै सरकार गरीबप्रति गैरजिम्मेवार र असंवेदनशील देखिए। महँगी नियन्त्रण, उत्पादन वृद्धि, लागत कटौति, उत्पादकत्व वृद्धिजस्ता कार्य कुनै पनि मुलुकमा अर्थमन्त्रीको नेतृत्वमा रहेको विज्ञहरूको समूहले गर्दछ । विज्ञहरूको समूहले महँगी नियन्त्रणका उपायहरूको खोजी गर्दछ। तर दुर्भाग्य ! भागबण्डाको राजनीतिले गर्दा नेपालले योग्य, कुशल र आफ्नो क्षेत्रमा राम्रो दखल भएको अर्थमन्त्री पाउन सकेन। विज्ञहरूले पनि महँगी नियन्त्रणमा योगदान पुऱ्याउने सुझाव सरकारलाई दिन सकेनन्। दलीय राजनीतिको निहित स्वार्थले गर्दा विज्ञहरूको पहुँच सरकारसम्म हुन सकेन। उनीहरूको विज्ञताको उपयोग देशले गर्न सकेन।

२०४६ सालको राजनीतिक परिवर्तन पछि, केही अपवादलाई छाडेर, नेपालमा योग्य व्यक्ति अर्थमन्त्री चयन भएको पाइँदैन। अनुभवहीन, योग्यता नभएका, सम्बन्धित क्षेत्रको पटक्कै ज्ञान नभएका, शैक्षिक योग्यता शून्य, निकम्मा व्यक्तिहरू नेपालका अर्थमन्त्री भएका छन् । ताजा उदाहरणको रूपमा केपी ओलीको सरकारमा रहेका अर्थमन्त्रीलाई लिन सकिन्छ । ओलीको सरकारमा रहेका वर्तमान अर्थमन्त्री विष्णु पौडेलसँग अर्थ क्षेत्रमा काम गरेको न अनुभव छ, न उनी अर्थ क्षेत्रको ज्ञाता हुन्, न उनीसँग शैक्षिक योग्यता नै छ । यस्ता अर्थमन्त्रीबाट आर्थिक सुधारको अपेक्षा गर्नु आकाशको फलजस्तै साबित हुन्छ।

सरकारहरूको गैरजिम्मेवारीले गर्दा नेपालले योग्य अर्थमन्त्री पाउन सकेको छैन। स्थिति यस्तै रहने हो भने भविष्यमा पनि पाउने सम्भावना देखिँदैन। दलहरूको भागबण्डाको राजनीति, निहित स्वार्थले गर्दा अर्थमन्त्री र अर्थ मन्त्रालय उपहासको विषय हुन पुगेको छ । महत्त्वहीन बनाइएको छ।

भारतका निवर्तमान प्रधानमन्त्री मनमोहन सिंह त्यस देशको अर्थमन्त्री (सन् १९९१–१९९६) भएको बेला उनले देशको आर्थिक स्थितिमा चमत्कारी सुधार मात्र ल्याएनन्, बर्बादीको नजीक पुगेको भारतीय अर्थतन्त्रलाई जोगाए पनि। त्यस बेलाको काङ्ग्रेसको अदूरदर्शी र अव्यावहारिक आर्थिक नीति र 'लाइसेन्स राज' ले गर्दा भारतको अर्थतन्त्र अति नै समस्याग्रस्त हुन पुगेको थियो, बर्बादीको नजीक पुगेको थियो । भारतले अनेक अन्तर्राष्ट्रिय दाताहरूसँग सहयोग लिनुपरेको थियो । समग्रमा देशको अर्थतन्त्र कठिन स्थितिमा थियो । तर देशलाई त्यो कठिन स्थितिबाट मनमोहन सिंहले पार लगाए। देशको अर्थतन्त्र बर्बाद हुनबाट जोगाए। यस कार्यको जस, उनले लामो समयसम्म प्रधानमन्त्री भएर काम गर्न पाए।

देशको अर्थतन्त्र उकास्न अर्थमन्त्रीको ज्यादै ठूलो भूमिका हुन्छ। तर यो गम्भीर विषयलाई नेपालका राजनीतिक दलहरूले उपहासको रूपमा लिए । जतनाले पनि राजनीतिक दलहरूको यो गैरजिम्वेवारीलाई दण्डित गरेन । चुनावमा त्यस्ता दलहरूलाई पराजित गरेन । दोषी जनता पनि छ, मुलुकको आर्थिक स्थिति यस्तो हुनुमा ।

नेपालको महँगी आकाश छुने हुनुको दोस्रो कारण हो देशमा बृहत् उत्पादन (Mass Production) हुन नसक्नु। सानो सानो परिमाणमा उत्पादन हुनु । यस तथ्यका धेरै उदाहरणहरू छन् । यहाँ मात्र एउटा उदाहरणको रूपमा कृषि क्षेत्रलाई लिउँ।

नेपालको कृषि क्षेत्रको स्थिति कस्तो छ भने कृषियोग्य भूमि सानासाना टुक्रामा विभाजित छ । स्वामित्वको आधारमा कृषियोग्य भूमि अनेकौं टुक्रामा विभक्त छ। स्वामित्वको निर्धारण वा रेखाङ्कन (आली, बार) मा कृषियोग्य भूमिको ठूलो भाग अनुत्पादक भएर गएको छ। यसरी टुक्राटुक्रा भएर रहेको भूमिमा कृषकहरूले खेती गर्दा वा बाली लगाउँदा महँगो हुन पुग्छ । र यो कारणले गर्दा कृषि उपज महँगो हुन जान्छ ।

यदि कुनै एक व्यक्तिले सानासाना टुक्रामा विभक्त भूमि भाडामा लिएर, ठूलो आकार बनाएर खेती गर्ने हो भने उत्पादन लागत नियन्त्रण हुन्छ र कृषि उत्पादनको मूल्य उपभोक्ताहरूको लागि कम हुन पुग्छ। अर्कोतिर बृहत् उत्पादन भएको कारण उत्पादकले पनि ठूलो नाफा हात पार्न सक्छ।

नेपालको कृषि क्षेत्रमा लागत नियन्त्रणको लागि उच्च प्रविधिको प्रयोग हुनु पनि उत्तिकै आवश्यक छ। तर कृषि क्षेत्रमा अहिले पनि कोरा श्रम (direct labor) को प्रयोग भएको पाइन्छ । कृषिका लागि प्रयोग हुने विधि, प्रक्रिया, सामग्रीहरू अहिले पनि परम्परागत नै छन् । यसले गर्दा पनि नेपालमा कृषि उत्पादन महँगो हुन पुगेको छ, सस्तो पार्न सकिएको छैन।

नेपालको गैरकृषि क्षेत्रमा पनि उत्पादन लागत कम पार्न उच्च प्रविधि प्रयोग भएको पाइँदैन । बृहत् उत्पादन गरिएको पाइँदैन । कृषि मात्र होइन, अन्य क्षेत्रमा पनि बृहत् उत्पादन गरेर, लागत नियन्त्रण गर्न सकिन्छ र वस्तु एवं सेवाको मूल्य कम पार्न सकिन्छ।

वस्तु एवं सेवाको मूल्य कम पारेर उपभोक्तालाई राहत दिन हामीले बृहत् उत्पादन गर्नुको विकल्प छैन। उत्पादकत्व वृद्धि गर्नुको विकल्प छैन।

सरकारलाई जिम्मेवार बनाएर तथा बृहत् मात्रामा वस्तु एवं सेवा उत्पादन गरेर मात्र पनि लागत नियन्त्रण गर्न सकिन्छ। महँगी धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। तर सरकारलाई जिम्मेवार बनाउने कार्य जनताले नै गर्नुपर्छ।

## आर्थिक विकासको सहयात्री : सहकारी

भारतीय प्रधानमन्त्री इन्दिरा गाँधीले भनेकी थिइन्–"सम्पूर्णरूपले सामाजिक उद्देश्यको सशकारीजस्तो शक्तिशाली औजार अरू कुनै छैन।" सहभागिता, समावेशिता, शक्तीकरण, सचेतना विस्तार वा आर्थिक–सामाजिक,

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**स्थानीयस्तरमा छरिएर रहेको प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै श्रम, सीप, पूँजी र प्रविधिको अधिकतम परिचालन गरेर सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको सबल आधारस्तम्भको रूपमा विकास गर्नु आजको आवश्यकता हो ।**

राजनीतिक आयाम जताबाट हेरे पनि सहकारी समुदायको स्वस्फूर्त र सशक्त अभियान हो । नेपालले पनि सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति लिएको छ। नेपालको संविधानले 'समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण' को लक्ष्य पूरा गर्न सहकारीलाई महत्त्वपूर्ण आधारको रूपमा लिएको छ । अन्य दुई आधार भनेको सार्वजनिक र निजी क्षेत्र हुन्। सरकार स्वभवले अहङ्कारी हुन्छ, साधनको विनियोजन दक्षता देखाउन र आम नागरिक परिचालन गर्न सक्दैन। निजी क्षेत्र साधन परिचालनमा कुशलता त देखाउँछ, तर सर्वसाधारणको हित रक्षा र सहज पहुँचभन्दा लगानीको प्रतिफलका लागि ऐच्छिकरूपमा दौडिन्छ । लोककल्याण र न्याय आधारित वितरण प्रणाली निजी क्षेत्रको सरोकारको विषय होइन । सहकारी पारस्पारिक हितका लागि स्वस्फूर्त परिचालित हुने क्षेत्र हो। स्वपरिचालन, स्वानुशासन, स्व–उत्तरदायित्व, ऐक्वद्धता र न्यायजस्ता मूल्यबाट सहकारी क्रियाशील हुन्छ । वास्तवमा सहकारी एकता, विश्वास, सहयोग र सन्तुष्टिको माध्यम पनि हो।

विश्वमा सहकारी अवधारणा १९औं शताब्दीमा आएको देखिन्छ । नेपालमा पनि आर्थिकरूपले पछाडि परेका सर्वसाधारणको जीवनस्तरमा सुधारको प्रत्याभूति दिन २०१० सालमा सहकारी विभाग स्थापना भएको थियो। यहींबाट अघि बढेको सहकारी अभियानले ६६ वसन्त पार गरिसकेको छ। सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गर्दै सहकारी ऐन–२०४८ पछि गति लिन थालेको यो अभियान, यति बेला सहकारी ऐन–२०७४ र नियमावली–२०७५ बाट निर्देशित छ। सरकारी क्षेत्र पुग्न नसकेको र निजी क्षेत्र पुग्न नचाहेको मुलुकका विभिन्न स्थानमा सेवा प्रदान गर्दै आएको सहकारीले आर्थिक–सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवाप्रवाहमा संलग्न गराउनु आवश्यक देखिएको छ। २०१३ सालमा चितवनको 'बखान सहकारी'का नाममा प्रारम्भ भएर हाल मुलुकका ७७ जिल्ला र ७४९ स्थानीय तहमा सहकारी पुगेको छ । मुलुकभरि रहेका ३४ हजार ८३७ प्रारम्भिक सहकारी संस्थाले ६८ हजार चार सयलाई प्रत्यक्ष रोजगार र लाखौं व्यक्तिलाई अप्रत्यक्ष लाभ पुऱ्याइरहेका छन्। झन्डै ६५ लाख मानिस सहकारी सञ्जालमा आबद्ध छन् । आबद्ध सदस्यमध्ये महिलाको हिस्सा आधाभन्दा बढी छ। मुलुकमा परिचालित झन्डै रु ३० खर्ब ऋणमध्ये चार खर्ब सहकारीबाट परिचालित छ। कुल गार्हस्थ्य उत्पादनमा चार प्रतिशत योगदान पुऱ्याएको सहकारी समाजवादप्रति प्रतिबद्ध राष्ट्र निर्माणको आधार बनाउन अग्रसर देखिएको छ।

वास्तवमा संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमका माध्यमबाट आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकाङ्क्षा प्राप्तिका लागि स्वेच्छाले एकताबद्ध व्यक्तिहरूबाट स्थापित सङ्गठन हो, सहकारी । आत्म–सहयोग, स्व–उत्तरदायित्व, प्रजातान्त्रिक व्यवस्थापन, समानता, न्याय र ऐक्यबद्धताजस्ता आधारभूत मूल्यमा आधारित सहकारीले सामाजिक, आर्थिक र मानवीय तीनै प्रकारको पूँजी निर्माण गर्न सक्ने भएकोले यसलाई गरीबी निवारणको माध्यम र आर्थिक समृद्धिको आधार पनि मानिएको छ । आर्थिक प्रतिफल र बजारको सीमितताका कारण निजी क्षेत्रले लगानी गर्न नचाहेको ग्रामीण क्षेत्रमा सहकारी नै समुदायस्तरको उत्पादन, सङ्गठन र रोजगार सिर्जना गर्ने माध्यम हो। ग्रामीण क्षेत्र प्रायः कृषि तथा वन पैदावारमा निर्वाह गर्ने क्षेत्र हो, आधुनिक व्यवसाय र कलकारखानाको ग्रामीण क्षेत्रमा कमी छ। ग्रामीण क्षेत्रमा कृषि सहकारीमार्फत कृषि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गराउने, प्रशोधन, सञ्चयन–भण्डारण र बजारीकरणका माध्यमबाट आयस्तर बढाउन सकिन्छ । यसरी सहकारी नागरिक शक्तीकरणको सशक्त माध्यम र दिगो विकासको आधार पनि हो । त्यसैले होला नीति निर्माताले सहकारीको माध्यमबाट नै समाजवादको यात्रा सम्भव देख्छन् । कोही यसलाई छाया बैंक र कमजोर अनुगमनले वित्तीय क्षेत्रको लागि चुनौती ठान्छन् । जे भए पनि सहकारी सर्वसाधारणको अभिन्न अङ्गको रूपमा स्थापित भएको छ।

चालू आवको आर्थिक सर्वेक्षण अनुसार गत आवको फागुनसम्म मुलुकमा सहकारी संस्थाहरूको निक्षेप रु तीन खर्ब ५० अर्ब ५८ करोड पुगेको छ। आर्थिक वर्ष २०७५–०७६ को सोही अवधिमा रु तीन खर्ब ४५ अर्ब ५४ करोड बचत परिचालन भएको थियो। त्यस्तै आर्थिक वर्ष २०७६–७७ को फागुनसम्म सहकारी क्षेत्रमा रु तीन खर्ब ४१ अर्ब ७१ करोड ऋण परिचालन भएको छ। एक वर्षको अवधिमा चार अर्ब ऋण परिचालन बढेको छ । यस क्षेत्रले विपन्न, दुर्गम क्षेत्र, आदिवासी, जनजाति, मधेसी, दलित, अपाङ्ग, अल्पसङ्ख्यकलगायत सबै वर्ग, क्षेत्र र समुदायलाई समेटेको छ । तर सुशासन सुनिश्चित गर्न नसक्नु सहकारी क्षेत्रको मुख्य चुनौती हो। वित्तीय कारोबार गर्ने सहकारी सङ्घ–संस्था र सहकारी बैंकका लागि स्पष्ट कानूनी व्यवस्था नहुँदा सहकारीमार्फत हुने वित्तीय कारोबारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिन भएको छ। सङ्ख्या र कारोबारको बृहत् आकारले गर्दा सहकारी अनुगमन सहकारी विभागमार्फत कठिन देखिएकोले अब यसको प्रभावकारी अनुगमन आवश्यक देखिएको छ। विभिन्न मुलुकमा वित्तीय र उत्पादनमूलक सहकारीका अनुकरणीय अभ्यास देख्न सकिन्छ । तिनको कार्यसम्पादन प्रक्रिया पनि विशिष्ट हुन्छ। तर नेपालमा वित्तीय र उत्पादनमूलक सहकारीको विशिष्टीकृत प्रकृति हेर्ने उल्टो चलन छ। त्यसैले पनि नेपालको सहकारी अभियानले अपेक्षित गति लिन सकेको छैन । उदाहरणका लागि अनुगमन कि स्व–अनुगमन ? उत्पादनमूलक सहकारीले वित्तीय कारोबार कति मात्रामा गर्ने ? स्रोत कसरी व्यवस्थापन गर्ने ? आदि ।

नेपालमा जब वित्तीय सहकारी नियमनको विषय उठ्छ, स्व–नियमन कि नियमन भन्नेबारे वादविवाद बढ्न थाल्छ। यथार्थमा नियमन र स्व–नियमनभन्दा पहिले नियमनका न्यूनतम मापदण्ड यकिन गर्न सक्नुपर्छ। नियमन गर्ने मापदण्डबारे साझा धारणा बनेपछि मापदण्ड कसरी कार्यान्वयन गर्ने भनी छलफल गर्दा सहज हुन्छ। किनकि मापदण्ड निर्धारण भएपछि सरकार वा सहकारी अभियान जसले अनुगमन गरे पनि परिणाम एकै प्रकारको आउँछ । यसबाट वित्तीय सहकारीको जोखिम न्यूनीकरणको प्रमुख लक्ष्य हासिल हुन सक्छ। वित्तीय कारोबारको जोखिम न्यूनीकरण गर्ने प्रमुख उपाय हो–प्रभावकारी अनुगमन। तर हामी नियमन कि स्व–नियमन भन्नेमैं अल्झिरहेका छौं। यसबाट वित्तीय सहकारीमा अनुगमन नहुने र जोखिम बढ्ने प्रवृत्ति देखिएको छ । वित्तीय सहकारी जोखिममा परे सदस्यको बचत असुरक्षित हुने भएकोले सहकारी अभियानका अगुवा यस विषयमा गम्भीर बन्नुपर्छ । वित्तीय सहकारीको नियमन र व्यवस्थापन गर्न आवश्यक पूर्वाधारका रूपमा दर्ता प्रक्रिया व्यवस्थापन, न्यूनतम पूँजी र त्यसको पारदर्शी स्रोत, आवश्यकताको मापदण्ड निर्माण (सम्भाव्यता अध्ययन प्रतिवेदन) र सो पूरा भएपछि स्वीकृति दिने व्यवस्था हुनुपर्छ । वित्तीय सहकारीको अनुगमन प्रभावकारी नहुँदा अहिले सहकारी क्षेत्रले आफैं सेवा दिन नपाउनु, वित्तीय पहुँचमा सेवा गणना नहुनु, पुनर्कर्जा प्राप्त नहुनु, सहुलियतपूर्ण ऋण सुविधा प्राप्त नहुनु, सरकार र नियमनकारी निकायको मान्यता नहुनु र जनताको विश्वास कम हुनुजस्ता समस्या देखिएका छन्।

सहकारी संस्थाहरूले सुगम स्थानमा बसोवास गर्ने केही सम्पन्न वर्ग मात्र नभएर, विकट भौगोलिक स्थानमा बस्ने, आर्थिकरूपमा पछौटे, सामाजिकरूपमा अपहेलित र शारीरिकरूपमा अशक्त वर्गको समेत जीवनस्तर उकास्न महति भूमिका खेलेको छ र खेल्दै जानेछ। यति ठूलो योगदानका बावजूद सहकारी क्षेत्रले सर्वसाधारणको विश्वास जित्न सकेको छैन। यसको मुख्य कारण हो–सहकारीको वित्तीय कारोबारलाई सरकारले मान्यता नदिनु र नियमनकारी निकायले स्पष्ट मापदण्ड तयार गर्न नसक्नु । त्यसैले सहकारीमार्फत देशको आर्थिक स्तरोन्नति गर्ने परिकल्पना साकार बनाउन सहकारीको नियमन र व्यवस्थापनको प्रभावाकारिताका लागि नियमनकारी निकाय र समग्र सहकारी अभियानले कदम चाल्नुपर्छ। सहकारीले कृषि, उद्योग, वस्तु तथा सेवा–व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहयोग गर्छ । स्थानीयस्तरमा छरिएर रहेको प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै श्रम, सीप, पूँजी र प्रविधिको अधिकतम परिचालन गरेर सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको सबल आधारस्तम्भको रूपमा विकास गर्नु आजको आवश्यकता हो।


# वीरगंजमा दैनिक ७ करोड शेयर कारोबार

राधेश्याम पटेल, वीरगंज, ११ मङ्सिर/

मुलुकको आर्थिक नगरी वीरगंजमा पछिल्लो समय शेयर कारोबारतर्फ पनि लगानीकर्ता लगानी विस्तार गर्न लागेका छन् । शेयर कारोबारतर्फ उत्साहित लगानीकर्ता युवा, महिला, वृद्ध, वृद्धा, विभिन्न वर्ग र पेशा क्षेत्रका रहेका छन्। काठमाडौंपछि बढी कारोबार वीरगंजबाट हुन थालेको शेयर कारोबार गराउन मध्यस्थताको भूमिका निर्वाह गर्ने ब्रोकर कम्पनीले बताएका छन् । आजभोलि दैनिक वीरगंजबाट करीब ७ करोड रुपैयाँभन्दा बढीको शेयर खरीद–बिक्री हुन थालेको बताइएको छ ।

वीरगंजमा शाखा रहेको नासा सेक्युरिटिज प्रालिले दैनिक ५ लाख र प्राइमो सेक्युरिटिज प्रालिले करीब २ करोड गरी कुल ७ करोडभन्दा बढीको कारोबार हुने गरेको छ। नासाको वीरगंज शाखाका प्रबन्ध जीतकुमार दहालका अनुसार गत साउन १० गतेदेखि शेयर बजारमा लगातार उछाल थपिँदै गएको छ। उनले साउन १० मा शेयर बजारमैत्री मौद्रिक नीति आएको र पूर्व अर्थमन्त्री डा युवराज खतिवडाको बर्हिगमनसँगै नेपाली शेयर बजार उकालोतर्फ लागेको विश्लेषण गर्छन् ।

यता, लकडाउनको समयमा कतिपय लगानीकर्ता आफ्नो बजार, व्यापार, उद्योगमा घाटो बेहोरेको र प्रशस्त समय घरमा बिताउने परिपाटीले पनि शेयर बजारतर्फ आकृष्ट भएका हुन् । प्राइमो सेक्युरिटिज वीरगंज शाखा सञ्चालक जयप्रकाश साहका अनुसार पहिलेभन्दा शेयर कारोबार गर्ने लगानीकर्ता वीरगंजमा बढेको बताए ।



शेयरको कारोबार गर्दै । तस्वीरः प्रतीक

नेपालमा अहिलेसम्मको बढी शेयर कारोबार आजै बिहीवार नै भएको छ। बिहीवार ७ अर्ब ६१ करोडको कारोबार भएको छ। शेयर कारोबार सूचक नेप्सेले यसअघिको १८८१ अङ्कको बिन्दु पार गरेर १८९३ को नयाँ रेकर्ड कायम गरेको छ।

यससँगै नेपाल स्टक एक्सेचन्जमा अहिलेसम्मै धेरै रकमको शेयर किनबेच भएको छ। करीब साढे १८ अङ्कले बजार बढेर नयाँ रेकर्ड कायम गर्दा २०१ कम्पनीहरूको ७ अर्ब ६१ करोड ३० लाख रुपैयाँभन्दा धेरैको एक करोड ७१ लाख कित्ता शेयर किनबेच भएको छ ।

**यी कम्पनीका लगानीकर्ता मालामाल**

शेयर बजारतर्फ बैंक तथा वित्तीय तथा इन्स्योरेन्स कम्पनीको बजार उकालो लागे तापनि उत्पादनमूलक कम्पनीको शेयर बजार पनि निकै माथि पुगेको छ। उत्पादन मुलुकमा हिमालय डिस्टिलरीको गत अक्टोबर १ मा एउटा शेयरको दाम १८ सय २० रहेकोमा अहिले ३५ सय ७५ पुगेको छ। बोटलर्स नेपाल तराईको सोही अक्टोबर १ मा ६ हजार ६ सय १० रुपैया प्रतिकित्ताको शेयरको भाउ बढेर अहिले ९ हजार ९ सय ९० पुगेको छ, त्यसैगरी, शिवम् सिमेन्टको भाउ ७ सय ५८ बाट बढेर ११ सय १४ पुगेको छ । एनटिसीको भाउ ७ सय १ बाट १ हजार ८९ पुगेको छ ।

एनआरआइसीको भाउ ८ सय ६३ बाट उठेर १३ सय ३९ पुगेको छ। विशाल बजार कम्पनीको १६ सय २८ बाट ४ हजार पुगेको छ ।

त्यसैगरी, बैंक तथा बित्तीय संस्था, इन्स्योरेन्सतर्फ सकारात्मक वृद्धि भएको छ । सबैभन्दा बढी नबिल बैंकको शेयर खरीद गर्न लगानीकर्ता झुमिएको देखिएको छ ।

गत अक्टोबरमा नबिल बैंकको शेयर ८ सय ६७ रहेमा आजको मितिमा ११ सय ३० पुगेको छ ।

नेपालमा २७ वटा बैंक, १८ वटा लाइफ इन्स्योरेन्स, २६ वटा निर्जीवन बीमा कम्पनी रहेका छन् भने २ सयभन्दा बढी कम्पनीको शेयर खरीद–बिक्री बढी हुने गरेको छ। माथि उल्लिखित कम्पनीमा लगानीकर्ताहरू रातारात करोडौं नाफा कमाएर मालामाल भएको शेयर विश्लेषकहरूको भनाइ छ ।

# बर्दिबासमा बिहीवार पनि प्रदर्शन तर स्थिति सामान्य

प्रस, महोत्तरी, ११ मङ्सिर/

महोत्तरीको तनाव क्रमशः सामान्य हुँदैछ। स्थानीय प्रशासन र आन्दोलनरत पक्षबीच चार बुँदे सहमति भएपछि स्थिति सामान्य हुँदै गएको हो ।

बर्दिबासमा ६ वर्षीया बालिका गुलाब शाहको अपहरणपछि हत्या र त्यस विरुद्धको प्रदर्शनमा प्रहरीको गोली लागेर घाइते भएकामध्ये एकजनाको ज्यान गएपछि आन्दोलित पक्ष र महोत्तरीका प्रशासन प्रमुखबीच छलफल तथा चार बुँदे सहमति भएको सम्बद्ध पक्षले पुष्टि गरेको छ । नागरिकस्तरमा गठित वार्ता समिति र प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालबीच बुधवार साँझ बर्दिबासमा वार्ता तथा सहमति भएको हो ।

पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने, दुवै घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्ने, प्रहरीको गोली लागेर ज्यान गुमाएकालाई शहीद घोषणा गर्ने र सो क्रममा घाइते भएकाहरूलाई निश्शुल्क उपचार खर्चको व्यवस्था गर्ने विषयमा सङ्घीय सरकारको गृह मन्त्रालयलाई आग्रह गर्ने सहमति भएको नागरिकस्तरमा गठित वार्ता समितिका संयोजक चिरञ्जीवी हमाल र महोत्तरीका प्रमुख जिल्ला अधिकारी कटुवालले पुष्टि गरेका छन् ।

दुवै पक्षबीच भएको सहमतिलाई कार्यान्वयन गराउन गृह मन्त्रालयमा पहल गर्ने, प्रदर्शन तथा विरोध कार्यक्रमहरू स्थगित गर्न दुवै पक्ष राजी भएका छन् । वार्ता तथा सहमतिका बावजूद बिहीवार जिल्लाका अन्य विभिन्न क्षेत्रमा टायर बाल्ने, प्रदर्शन गर्ने र सवारीसाधन रोक्ने काम जारी थियो । फेरि पनि अघिल्लो दिनको तुलनामा स्थिति सामान्य रहेको यात्रुहरूले बताएका छन् ।

बुधवार बर्दिबासका अतिरिक्त जिल्ला सदरमुकाम जलेश्वर, सम्सी, सीतापुर र गौशालासहित विभिन्न स्थानमा चर्को नाराबाजीसहित प्रदर्शन भएका थिए । बर्दिबासमा जिल्ला प्रशासनले जारी गरेको निषेधाज्ञा तोड्दै प्रदर्शनकारीले दिनभर प्रदर्शन गरेका थिए । गएको आइतवार अपहरणमा परेर हत्या गरिएकी बालिकाको शव प्रहरीले सोमवार मध्यरातमा उनको घरनजीकै बोरामा खादिएको अवस्थामा बरामद गरेको हो। यस घटनामा प्रहरीले गौशाला नगरपालिका–५ का २६ वर्षीय अरुणाकुमार साहलाई पक्राउ गरी अनुसन्धान थालेको छ । बालिकाको बलात्कारपछि हत्या भएको हुन सक्ने अड्कल गरिएको छ । अस्पतालको परीक्षण रिपोर्टले स्पष्ट पार्ने जिल्लाका प्रहरी अधिकारीको भनाइ छ ।



मकैबालीलाई कीराको आक्रमणबाट सुरक्षित राख्न बोटको फेदमा विषादी प्रयोग गर्दै महिला । तस्वीरः जीतलाल श्रेष्ठ

# ट्रेन्च प्रविधिबाट उखुखेती गर्ने किसानलाई अनुदान

सर्लाही, ११ मङ्सिर/रासस

जिल्लाको गोडैता नगरपालिका–५ स्थित महालक्ष्मी चिनी उद्योगले ट्रेन्च प्रविधिबाट उखु खेती गर्न किसानलाई अनुदान दिने भएको छ ।

गोडैताका उखु उत्पादक किसानका लागि उद्योगले प्रतिबिघा रु चार हजार मूल्य बराबरको अनुदान दिने भएको हो। आर्थिक वर्ष २०७५–७६ देखि सञ्चालनमा आएको सो उद्योगले ट्रेन्च प्रविधिबाट उखुखेती गर्न यहाँका किसानलाई प्रतिबिघा रु चार हजार अनुदानका साथै आवश्यक मात्रामा रासायनिक मल तथा विषादिसमेत निश्शुल्क उपलब्ध गराउने उद्योगले जनाएको छ ।

ट्रेन्च प्रविधिबाट खेती गर्दा ३० देखि ४० प्रतिशतसम्म उखु उत्पादकत्व वृद्धि हुने बताइएको छ। ट्रेन्च प्रविधि भन्नाले आधुनिक हलोको मदतले ड्याम बनाएर उखु रोपिने विधि हो ।

यो प्रविधिबाट खेती गर्दा उखुको बोट र जरा विकसित बढी हुने भएकाले घाम, पानी, हावा तथा बाढीलेसमेत असर कम गर्ने कृषि प्राविधिक नीरज बुढाथोकीले बताए ।

साना–साना ड्याम बनाएर त्यो ड्यामको बीच भागमा अन्तरबालीका रूपमा तोरी, आलु, लहसुन, मुसुरो, धनियाँ, मटर आदि खेती गर्न सकिने भएकाले किसानले यसबाट अतिरिक्त आम्दानीसमेत लिन सक्ने उनको भनाइ छ । सामान्य विधिबाट उखु लगाउँदा उर्वराशक्ति ३० देखि ३५ प्रतिशत मात्रै हुने गरेकोमा ट्रेन्च प्रविधिबाट खेती गर्दा यसको उर्वराशक्ति ८० देखि ९० प्रतिशतसम्म हुने गरेको कृषि प्राविधिक विनोद रानाले बताए। "यस प्रविधिबाट उखुखेती गर्दा सिंचाइमा ६० प्रतिशतसम्म बचत हुन्छ"–उनले भने–"परम्परागत तरीकाभन्दा यो प्रविधिबाट खेती गर्दा लगानी, मेहनत र समयको बचत हुनुका साथै यसको उत्पादन र उत्पादकत्वमा समेत वृद्धि हुने भएकाले किसानका लागि यो प्रविधि उपयोगी हुनेछ ।"

यस प्रविधिले खेती गर्दा उखु बाँध्न सजिलो, हावाहुरीबाट कम ढल्ने, रोग कीरा कम लाग्ने, उखुमा चिनीको मात्रा अधिक हुने भएकाले तौलसमेत बढ्ने गरेको छ। परम्परागत तरीकाबाट खेती गर्दा प्रतिबिघा दुई सयदेखि २५० क्विन्टल उत्पादन गर्दै हुँदै आएकोमा यो प्रविधिबाट प्रतिबिघा एक हजार ५०० देखि एक हजार ६०० क्विन्टल र कम्तीमा पनि ८०० क्विन्टल उखु उत्पादन गर्न सकिने कृषि प्राविधिक रानाको भनाइ छ ।

यो प्रविधिबाट खेती गर्दा प्रतिबिघा ४–५ लाखभन्दा बढी आम्दनी गर्न सकिने महालक्ष्मी उद्योगका प्रमुख कार्यकारी निर्देशक कृष्णप्रसाद दासले बताए । शरदकालीन उखुखेती गर्ने किसानलाई बढी उत्पादनका लागि उद्योगले छिटो उत्पादन हुने (अर्ली भेराइटी) २३८, ११८, ९३०१ र ९८०१४ जातको उखुखेती गर्न प्रोत्साहित गर्नुका साथै उखु लिने समयमा कट्टा हुनेगरी उखुको बीउसमेत निश्शुल्क उपलब्ध गराउँदै आएको उद्योगले जनाएको छ ।

उद्योगबाट प्रत्यक्ष ३०० देखि ३५० जनाले रोजगार पाएका छन् भने एक हजारजनाले अप्रत्यक्ष रोजगार पाएका छन् । चिनी उद्योगलाई मङ्सिर मसान्तसम्म सञ्चालन गर्ने लक्ष्य अनुसार काम भइरहेकोमा अहिले पनि उद्योगमा नियमित १२९ मजदूर निरन्तर काममा लागिरहेका उद्योगले जनाएको छ ।

सर्लाहीमा तीनवटा उखु उद्योग भएपछि उद्योगलाई उखुको अभाव हुने गरेको छ । यहाँको उद्योगको प्रतिदिन क्रसिङ क्षमता २४ देखि २५ हजार क्विन्टल रहेकोमा आपूर्ति १५ देखि १६ हजार क्विन्टल मात्र हुने गरेको छ । आर्थिक वर्ष २०७५–०७६ मा सर्लाहीमा २६ हजार हेक्टर क्षेत्रफलमा उखुखेती गरिएको उखु उत्पादक किसान महासङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीले बताए ।

महालक्ष्मी उद्योग अन्तर्गत एक हजार ५०० हेक्टर उखुखेती मात्र हुने गरेको छ। सर्लाहीमा उखुको अभाव हुने हुँदा उद्योगहरू नगदमा भए पनि उद्योग सञ्चालनका लागि भारतबाट उखु आयात गर्न बाध्य हुने गरेका छन् । गत वर्ष महालक्ष्मी उद्योगले सात लाख क्विन्टल उखु क्रसिङ गरेको थियो ।

# लघु उद्यम विकास कार्यक्रम : रोजगारका लागि भौंतारिंदै हिंड्नु नपर्ने

कञ्चनपुर, ११ मङ्सिर/रासस

जिल्लाका नौवटै स्थानीय तहमा गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिएको छ। लघु उद्यमको विकास र प्रवर्द्धनका माध्यमबाट गरीबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिएको हो ।

गरीबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिकामा भएको व्यवस्थानुसार कार्यक्रम सञ्चालनका लागि सबै स्थानीय तहमा उद्यम विकास समिति गठन गरिएका छन् । नगर प्रमुखका संयोजकत्वमा सात सदस्यीय समिति गठन गरिएको छ । उद्यम विकास समिति गठन गरी सहजकर्ता नियुक्तिका लागि आवेदन माग गरिएको लालझाडी गाउँपालिकाका अध्यक्ष मदनसेन वडायकले बताए । "कार्यक्रम सञ्चालनका लागि मन्त्रालयबाट बजेट निकासा भइसकेको छ"–उनले भने–"कार्यक्रम अगाडि बढाउनका लागि सहजकर्ता नियुक्ति प्रक्रिया अगाडि बढेको छ ।"

गाउँपालिका क्षेत्रमा नयाँ उद्यम सिर्जना गर्न र विद्यमान उद्यमीको सङ्ख्या यकीन गरी उद्यम सञ्चालनका लागि आवश्यक पर्ने तालीम र प्रविधि हस्तान्तरणसम्मको कार्य गरिने छ । यसबाट गाउँपालिका क्षेत्रका बासिन्दाको आयस्तरमा वृद्धि हुनाका साथै रोजगारका अवसर सिर्जना हुने र युवाले रोजगारका लागि अन्यत्र भौंतारिंदै हिंड्नु नपर्ने उनले बताए ।

"गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि शुक्लाफाँटा नगरपालिकामा नगर प्रमुखको संयोजकत्वमा समिति गठन गरिएको छ। पहिलो बैठकमा लघु उद्यम विकास समितिलाई पूर्णता दिएका छौं"–नगर प्रमुख दिलबहादुर ऐरले भने–"अर्को पटक नियमपूर्वक सहजकर्ता नियुक्त गरी कार्यक्रम सञ्चालन प्रक्रियामा जान्छौं । कार्यक्रमका माध्यमबाट युवालाई स्थानीयस्तरमैं रोजगारका अवसर प्रदान गर्ने लक्ष्य लिएका छौं ।"

उनका अनुसार गरीबीको रेखामुनि रहेका, वैदेशिक रोजगारबाट फर्केका र स्वदेशमा रोजगार गुमाएका युवा तथा लघु उद्यम विकासका लागि गरिएको सहयोगमध्ये त्यस अघि आंशिक सहयोग मात्रै प्राप्त गरी सञ्चालनमा नआएका तर थप सहयोग प्राप्त गरी सञ्चालनमा आउने लघु उद्यमसँग सम्बन्धित सेवालाई कार्यक्रममा समेटिएको छ । नगरपालिकामा कार्यक्रम सञ्चालनका लागि मन्त्रालयबाट रु २९ लाख निकासा भएको छ ।

उद्यमी छनोट गर्दा कम्तीमा ७० प्रतिशत युवती र कम्तीमा ६० प्रतिशत (१६ देखि४० वर्ष)सम्मका युवक छनोट गर्नुपर्ने प्रावधान राखिएको छ। स्थानीय तहले प्रतिस्पर्धा गराई योग्यता पुगेका उद्यम विकास सहजकर्ता छनोट गर्नुपर्ने छ ।

नेपाल सरकारले स्थापना गरेको श्रम सूचना बैंकमा सूचीकृत उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिनुपर्ने छ ।

साठीजनासम्म नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि एक, ६० भन्दा बढी १२५ लघु उद्यमी सिर्जना गर्नका लागि दुई र १२५ भन्दा माथि नयाँ लघु उद्यमी सिर्जना गर्न प्रत्येक ७५ जनामा एक सहजकर्ता नियुक्त गर्ने प्रावधान राखिएको छ ।

नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि बजार स्रोत तथा सम्भाव्यता अध्ययन, घरधुरी सर्वेक्षण, समूह निर्माण र क्षमता अभिवृद्धि, उद्यमशीलता विकास कार्यक्रम, सीप विकास तालीम, कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण, उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण, उद्यम स्थापना र सञ्चालन, व्यावसायिक परामर्श तथा बजार विस्तार, साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालन सहजीकरणजस्ता कार्यक्रम समेटिएको छ। जिल्लाका अन्य स्थानीय तहले समेत कार्यक्रम सञ्चालनका लागि कार्य अगाडि बढाएका छन् । देशका ७५३ वटै स्थानीय तहमा सो कार्यक्रम सञ्चालनमा छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**

# अन्तर्राष्ट्रिय समाचार

## सेन्टियागोमा महिलावादीहरूको प्रदर्शन

सेन्टियागो, ११ मङ्सिर/एएफपी

सेन्टियागोमा महिलावादीहरूले महिला अधिकारको माग गरेर प्रदर्शन गरेका छन्। सेन्टियागोको एक प्लाजामा बुधवार ठूलो सङ्ख्यामा महिलाहरू जम्मा भएर महिला हिंसाविरुद्ध नारा लगाएका थिए। उनीहरूले बलात्कारी हामीबीच नै छ भन्ने नारा दिएर सबैतिर महिलाहरू असुरक्षित रहेकाले उनीहरूको सुरक्षा दिनुपर्ने बताएका हुन्। महिला हिंसाविरुद्ध राष्ट्रसङ्घीय दिवसका अवसरमा महिला अधिकारवादीहरूले विरोध प्रदर्शन गरेका हुन्।


महिला अधिकारका लागि प्रदर्शन गर्दै महिलावादीहरू। तस्वीरः एपी

चिली प्रहरीले उनीहरूलाई त्यहाँबाट बल प्रयोग गरेर धपाएको थियो। तर पनि पछि उनीहरू जम्मा भएर प्रदर्शन गरेको बताइएको छ। चिलीका महिला अधिकारवादीहरूले लास तेसिस नाम दिएर यो महिला हिंसाविरुद्ध आन्दोलन शुरू गरेका हुन्।

उनीहरूले सन् २०१९ मा यो नारा दिएर आन्दोलन थालेका थिए। उनीहरूले शुरू गरेको आन्दोलनमा खासमा महिला हिंसाका कारण पुरुष हुन् भन्दै पुरुषलाई निन्दा गरेको गीत गाउने गर्दछन्। उनीहरूले शुरू गरेको महिला अधिकारका पक्षको र त्यसका लागि पुरुषलाई निन्दा गरिएको सो गीत विश्वका अरू देशले पनि आफ्ना भाषामा अनुवाद गरेर आफ्नो देशमा पनि प्रदर्शन र गाउने गरेका छन्।

त्यो अभियान अहिले विश्वका कैयौं देशमा सञ्चालनमा ल्याइएको छ। विभिन्न स्थानमा यो आन्दोलन पुरुषविरुद्ध उग्ररूपमा पनि गर्ने गरिएको छ। बुधवार पनि चिलीको सेन्टियागो शहरमा महिलाहरूले पुरुषविरुद्ध नाराबाजी गरेर ठूलो सङ्ख्यामा उपस्थित भएर सडक अवरुद्ध पारेका थिए।

उनीहरूले यस क्रममा सडकमा अवरोध पुर्याउन काठमा मुढा राख्ने, आगो बाल्ने मात्र नभएर यहाँका सटर पसलहरूबाट सामान लुट्ने सम्मको काम गरेका थिए। त्यसैले ठूलो बल प्रयोग गरेर प्रहरीले उनीहरूलाई हटाएको थियो। यस आन्दोलनले ठूलो हिंसा निम्त्याएको भनेर प्रहरीले आन्दोलनकारी महिलालाई पक्राउ गर्ने र त्यहाँबाट धपाउने काम गरेको हो। रासस

## भारतमा थप ४४ हजारमा कोरोना सङ्क्रमण

नयाँदिल्ली ११ मङ्सिर/एएनआई/रासस

भारतमा विगत चौबीस घण्टाको अवधिमा थप ४४ हजार ४८९ व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। यसैसँग भारतमा हालसम्म सङ्क्रमितको सङ्ख्या ९२ लाख ६६ हजार ७०६ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीवार जनाएको छ। जसमध्ये ८६ लाख ७९ हजार १३८ व्यक्ति सङ्क्रमणमुक्त भएका छन्।

भारतमा कोरोना भाइरस सङ्क्रमणबाट २४ घण्टामा थप ५२४ जनाको मृत्यु भएको र योसहित भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ३५ हजार २२३ पुगेको छ।

मन्त्रालयका अनुसार हाल ४ लाख ५२ हजार ३४४ व्यक्ति अझै सक्रिय सङ्क्रमित अवस्थामा छन्। भारतमा एकै दिन ५० हजारभन्दा कम सङ्क्रमित भेटिएको यो लगातार १९ औं दिन हो।

भारतभरि सबभन्दा बढी कोरोना भाइरस प्रभावित राज्य महाराष्ट्रमा अझै पनि ८५ हजार ४८८ व्यक्ति सक्रिय सङ्क्रमित रहेका छन्। त्यसपछि केरलामा ६५ हजार २३४ व्यक्ति सक्रिय सङ्क्रमित रहेका छन् भने राजधानी शहर दिल्लीमा ३८ हजार २८७ जना सक्रिय सङ्क्रमित रहेका छन्।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले भारतमा कुल १३ करोड ५९ लाख ३१ हजार नमूना परीक्षण गरेको जनाएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले गत मङ्गलवार सरकारले कोभिड–१९ खोप निर्माण गर्ने सम्बन्धमा गम्भीरतापूर्वक कार्य गरिरहेको बताउँदै खोपको डोज र मूल्य अझै टुङ्गो नलागेको बताएका थिए।

उनले भने–"सरकारले खोप निर्माणमा ध्यान दिइरहेको छ। हामी खोप निर्माताहरूसँग छलफल गरिरहेका छौं। हामी विश्वका अरू नियामकहरू, सरकारहरू, बहुराष्ट्रिय सङ्घसंस्था र अन्तर्राष्ट्रिय कम्पनीसँग पनि छलफलमा छौं। अहिलेसम्म कति डोज आवश्यक हुन्छ भन्ने स्पष्ट भइसकेको छैन। हामीले अझै यसको सही उत्तर प्राप्त गरिसकेका छैनौं।"

प्रधानमन्त्री मोदीले यही विषयमा राज्यका मुख्यमन्त्रीहरूसँग छलफल गरिरहको पनि जानकारी दिएका थिए।

## दुबई–तेलअभिभ प्रत्यक्ष उडान शुरू

दुबई, ११ मङ्सिर/एएफपी/रासस

युनाइटेड अरब इमिरेट्स (युएई) को बजेट एयरलाइन्स फ्लाई दुबईले इजरायलको तेलअभिभ उडान शुरू गरेको छ। युएई र इजरायलबीच सम्बन्ध सामान्यीकरणसम्बन्धी सम्झौता भएपछि निजी क्षेत्रबाट उडान प्रारम्भ भएको हो।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूका प्रवक्ताले विमान सेवा प्रारम्भ हुन लागेको जानकारी दिएका छन्। यो उडान करीब ४ घण्टाको हुनेछ।

प्रधानमन्त्रीका प्रवक्ता ओफर गेन्डिलम्यानले ट्वीट गर्दै प्रधानमन्त्री नेतन्याहूले फ्लाइ दुबईका पहिलो उडानका यात्रीलाई बेन–गुरिओन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्ने जानकारी दिएका छन्।

युनाइटेड अरब इमिरेट्सले गत सेप्टेम्बरमा इजरायलसँग सम्बन्ध सामान्यीकरणसम्बन्धी एक सम्झौतामा हस्ताक्षर गरेको थियो।

अमेरिकी अग्रसरतामा भएको यस्तो सम्झौता गर्ने खाडी क्षेत्रका मुलुकहरूमध्ये युएई तेस्रो हो। यस अघि सन् १९७९ मा इजिप्ट र सन् १९९४ मा जोर्डनले इजरायलसँग कूटनीतिक सम्बन्ध कायम गरेका थिए।

फ्लाइ दुबईले दिनमा दुईवटा उडान भर्नेछ। इजरायली विमानसेवा कम्पनीहरू एलअल र इसरायर दुवैले अर्को महीनादेखि व्यापारिक व्यावसायिक उडान शुरू गर्ने अपेक्षा गरिएको छ।

युएईको राजधानी अबु धाबीमा मुख्यालय रहेको एतिहाद एयरवेजले भने सन् २०२१ को मार्चदेखि तेलअभिभको सीधा उडान गर्ने तयारी गरेको छ।

## सुरक्षा कारबाईमा परी नौ तालिबानी लडाकू मारिए

हेरात ११ मङ्सिर/सिन्हवा

अफगानिस्तानको पश्चिमी प्रान्त हेरातको ओबे जिल्लामा अफगान सुरक्षा बलले गरेको सुरक्षा कारबाईमा परी कम्तीमा नौ तालिबानी लडाकू मारिएका सेनाद्वारा प्रकाशित विज्ञप्तिमा बिहीवार जानकारी दिइएको छ।

ओबे जिल्लामा रहेको एक प्रहरी चौकीमा बुधवार अपराह्न तालिबानी लडाकू समूहले गरेको भीषण आक्रमणपछि सुरक्षाबलले गरेको कारबाईमा परी तालिबानी समूहका नौ लडाकू मारिएका समाचारमा जनाइएको छ।

कारबाईको क्रममा सुरक्षाबलले युद्धक विमानसमेत प्रयोग गरेको जनाइएको छ। कारबहीको क्रममा अन्य आठ लडाकू घाइते भएका जनाइएको छ। यस कारबाईको क्रममा सुरक्षाबलतर्फ भने हताहत नभएको र यस क्षेत्रमा तालिबानविरुद्ध कारबाई भने जारी रहेको बताइएको छ। अफगानिस्तानको राजधानी काबुलबाट ६४० किलोमिटर पश्चिममा रहेको हेरात प्रान्तको प्रन्तीय शहर हेरात शहरमा सक्रिय रहेका तालिबानी लडाकू समूहले यस कारबाईको विषयमा कुनै टिप्पणी गरेका छैनन्। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भाग्योदय | वृष | बेचैनी |
| मिथुन | मनोरन्जन | कर्कट | कर्मप्राप्ति |
| सिंह | प्रगति | कन्या | यात्रालाभ |
| तुला | व्यापारवृद्धि | वृश्चिक | कडाश्रम |
| धनु | सुसमाचार | मकर | उदरपीडा |
| कुम्भ | विजय | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### देशभरि.........

थालिएको हो। सन् २००० देखि जुका र आर्थिक वर्ष २०६६र६७ देखि बालभिटा खुवाउन थालिएको हो।

यस्तै आज र भोलि नै बालभिटा लागू भएका ४६ जिल्लामा पनि क्याप्सुल खुवाउन थालिएको छ। रक्तअल्पता हुनबाट जोगाउँनका लागि बालभिटा खुवाउने गरिन्छ। छ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई बालभिटा खुवाइनछ। हरेक वर्ष सरकारले निश्शुल्करूपमा भिटामिन 'ए' कार्यक्रमअन्तर्गत जुकाको औषधि र बालभिटा खुवाउँदै आएको छ।

# जाडोमा तापक्रम औसतभन्दा बढी नै रहने

काठमाडौं, ११ मङ्सिर/रासस

मौसमविद् तथा वैज्ञानिकले यस वर्षको जाडोयाममा औसतभन्दा बढी नै तापक्रम रहने प्रारम्भिक अनुमान गरेका छन्। जाडो समयमा तापक्रमको अवस्था कस्तो हुने भनेर विश्लेषण गर्न थालेका विभिन्न देशका मौसमविद् तथा वैज्ञानिकले तापक्रम केही सुक्खा रहने औंल्याएको जल तथा मौसम विज्ञान विभाग, हावापानी विश्लेषण शाखाका प्रमुख डा इन्दिरा कँडेलले जानकारी दिइन्। सुक्खा हुने भन्नुको अर्थ औसतभन्दा केही बढी नै तामक्रम रहनु हो।

दक्षिण एशियाली जलवायु आकलन मञ्चले हरेक वर्ष हिउँद र वर्षाको समयमा यसैगरी हावापानी र जलवायुको अवस्था विश्लेषण गर्दै आएको छ। अहिले चिसोको अवस्था विश्लेषणका लागि छलफलमा जुटेको उक्त मञ्चको टोलीसँग जापान, कोरिया, बेलायत, अमेरिका, थाइल्यान्डका जलवायु विज्ञ तथा वैज्ञानिक सहभागी छन्।

"यसपालि हिउँदको समयमा हुने मौसम परिवर्तनको अवस्थाबारे भएको प्रारम्भिक विश्लेषणमा धेरैजसो देशले सुक्खा हुने अर्थात् तापक्रम औसतभन्दा बढी नै रहने विश्लेषण गरेको छ," कँडेलले भने, "धेरै देशमा सरदर वर्षा हुन्छ भन्ने देखाएको छ, तापक्रम सरदर औसतभन्दा केही तातो हुनेछ, जापानले भने केही बढी वर्षा देखाइरहेको छ।"

उनले सबैको विश्लेषण सकेर दक्षिण एशियाको औसत जलवायुको अवस्था सार्वजनिक गर्ने तयारी भइरहेको जानकारी दिए। त्यसपछि जल तथा मौसम विज्ञान विभागले नेपालको अवस्था के हुने भनेर सार्वजनिक गर्नेछ। विगत वर्षसम्म दक्षिण एशियाको विश्लेषणलाई नै आधार लिँदै आएको नेपालको जल तथा मौसम विज्ञान विभागले गत वर्षबाट भने आफैंले पनि अवस्था कस्तो रहने भनेर नक्शा तयार पारी सार्वजनिक गर्ने गरेको छ।

"पहिला मञ्चले जे तयार पार्दथ्यो हामीले त्यही सार्वजनिक गर्ने गरेका थियौं," डा कँडेलले भने, "गत वर्षबाट नेपालले पनि विश्लेषण गरेर सार्वजनिक गर्न थालेको छ, केही दिनमा हामी सार्वजनिक गर्छौं," डा कँडेलले यो वर्षको जाडोमा पश्चिमी वायु कम आउने देखिएको जानकारी गराए। मुख्यतः समुद्र र वायुमण्डलीय स्थितिको विश्लेषण गरेर निष्कर्ष निकालिने गरिन्छ। विभागका अनुसार गत वर्ष नेपालको पूर्वी भेगमा औसतभन्दा बढी चिसो भएको थियो भने अन्य क्षेत्रमा औसत अवस्थामैं रहेको थियो।

विभागको मौसम पूर्वानुमान महाशाखाले मुलुकभर चिसो बढिसकेको जनाएको छ। चिसो शुरू भएको र दैनिक चिसो बढ्दै जाने मौसमविद् प्रतिभा मानन्धरको भनाइ छ। उनका अनुसार नेपालमा आज र भोलि उच्च पहाडी/हिमाली क्षेत्रमा थोरै हिमपातको सम्भावना छ। शुक्रवार रातिबाट भने केही सुधार आउनेछ। अहिले पश्चिमी वायुको प्रभाव रहेको र भोलि रातिबाट भने त्यो पनि केही हट्दै जाने भएकाले सुधार हुनेछ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता जनार्दन गौतम चिसो मौसम बढेकाले त्यसबाट मानवीय क्षति कम गर्न आवश्यक तयारी थालिसकेको बताउँछन्।

"प्राधिकरणले सबै जिल्लामा पत्राचार गरेर चिसोबाट मानवीय क्षति हुन नदिन आवश्यक तयारीमा जुट्न निर्देशन दिइसकेको छ, कार्ययोजनासहित पेश गर्न जिल्ला प्रशासनलाई निर्देशन भएको छ," गौतमले भने। गत वर्ष तराईमा शीतलहरबाट मानवीय क्षति न्यून भएको जानकारी गराउँदै गौतमले अहिले तयारीलाई अझै चुस्त पार्न लागिएको बताए। जिल्लाबाट चुनौतीको अवस्था र आवश्यक तयारीका कार्ययोजना आएपछि प्राधिकरणले थप रणनीतिका साथ आवश्यक निर्देशन दिने गौतमले जानकारी दिए।

### विवादका कारण पोखरिया....

काम गर्न नदिने बताए।

बुधवार आफू कार्यालयमा पुग्दा कर्मचारी हाजीरी गरी घर गएकाले आज आफैंले कर्मचारीलाई कार्यालयमा काम गर्न नदिई लखेटेको बताए। कर्मचारीहरूले जनताको काम अल्झाएर राख्ने गरेको आरोप पनि लगाए। नगरप्रमुख रौनियारले नपामा कार्यरत ओभरसियर लालबाबू कुशवाहाले योजना नभएको ठाउँमा काम गर्न आफूखुशी कार्यादेश दिएको बताए।

यसबारे कर्मचारीले जनप्रतिनिधिहरूले योजनाविना काम गराउने गरेको, अनावश्यक कामको भुक्तानी गर्न दबाब दिने गरेको आरोप लगाए। कर्मचारीहरूले जनप्रतिनिधिहरूले आफ्नो बानी नसुधारेसम्म काममा नफर्कने बताए। कर्मचारीहरूलाई कार्यालयमा बस्ने वातावरण नभएको बताए।

कर्मचारी स्रोतका अनुसार गत आव मसान्तमा बाटो मरम्मत नगरीकन जनप्रतिनिधिले रु ९० लाख भुक्तानी दिन लगाएको आरोप लगाए।

यता, जनप्रतिनिधिहरूले मुख्य कार्यालय र वडा कार्यालय रङ्गरोगन, मरम्मतमा रु ५० लाखभन्दा बढी रकम कर्मचारीहरूले निकाशा गरेको आरोप लगाए।

कोरोनाकालमा कर्मचारीहरूले रु १ करोड २० लाखभन्दा बढी रकम खर्च गरेको तथा केही रकम निर्वाचित पदाधिकारीहरूबाट खर्च भएको एकजना प्रतिनिधिले यस दैनिकलाई जानकारी गराएका छन्।

## देशभक्त राजभक्तद्वारा सम्मान कार्यक्रम

प्रस, वीरगंज, ११ मङ्सिर/


तस्वीरः प्रतीक

देशभक्त राजभक्त समूह, पर्साले कार्यक्रम आयोजना गरी सम्मान गरेको छ।

समूहका अध्यक्ष दीपेन्द्रप्रसाद रौनियार, राजसंस्था पुनर्स्थापना संस्थाका अध्यक्ष सतीश श्रीवास्तव, समाजसेवी पशुपति विक्रम शाह, उपाध्यक्ष राजकिशोर चौबे, नेपाल राष्ट्रवादीका अध्यक्ष वीरेन्द्र थापा, नागरिक सङ्घर्ष समितिका अध्यक्ष सतार मियाँ, शम्भु चौरसिया, शिव गोयल, नीरज गुप्ता, सुरेन्द्र गुप्ता र मनोज सर्राफलाई सम्मान गरिएको थियो।

उनीहरूलाई ढाका टोपी लगाएर सम्मान गरिएको थियो भने २१ जनालाई खास्टो ओढाएर सम्मान गरिएको अध्यक्ष रौनियारले जानकारी गराएका छन्।

## आतङ्की हमलाविरुद्ध जनकपुरमा प्रदर्शन


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ११ मङ्सिर/

भारतको मुम्बई हत्याकाण्डको सम्झनामा आज जनकपुरमा राष्ट्रिय एकता अभियानले आतङ्की हमलाविरुद्ध मोटरसाइकल र्याली निकालेको छ।

मुम्बई हत्याकाण्डमा मारिएकाको सम्झनामा श्रद्धाञ्जलिसभा र आतङ्कवादविरुद्ध मोटरसाइकल प्रदर्शन गरिएको राष्ट्रिय एकता अभियानका विनय यादवले बताए।

सन् २००८ नोभेम्बर २६ तारिख आजकै दिन मुम्बईमा आतङ्की हमला हुँदा १६० भन्दा धेरैको ज्यान गएको थियो।

## राजसंस्था स्थापनाको लागि र्याली


तस्वीरः प्रतीक

प्रस, रौतहट, ११ मङ्सिर/

नेपाल राष्ट्रवादी समूह रौतहटले हिन्दू राष्ट्र एवं राजसंस्था स्थापनार्थ मोटर साइकल र्याली गरेको छ। नेपाल राष्ट्रवादी समूह रौतहटका अध्यक्ष वीरेन्द्रकुमार गिरीको सक्रियतामा आज गौरदेखि चन्द्रपुरसम्म मोटरसाइकल र्याली गरेका हुन्।

गौर सदरमुकामको विपी चोकदेखि शुरू गरिएको र्याली नगरपरिक्रमा गर्दै चन्द्रपुरसम्म गरेको समूहले जनाएको छ। मोटरसाइकल र्याली गर्ने क्रममा राजा आऊ देश बचाऊ जस्ता अनेकौं नारा लगाइएको थियो।

# पाँचवटा खोलाको अझै ठेक्का लाग्न सकेन

## नदीजन्य पदार्थको अवैध उत्खनन जारी, सुरक्षाकर्मी मौन

नरेश यादव, पर्सागढी, ११ कात्तिक/

पर्सा जिल्लामा रहेका सातवटा खोलाको मङ्सिरको आधाआधी पुग्न लाग्दा पनि ठेक्का लाग्न सकेको छैन।


तस्वीरः प्रतीक

प्रत्येक वर्ष असार १ गतेदेखि असोज १ गतेसम्म नदीजन्य पदार्थको उत्खननमा रोक लाग्ने र सो अवधिमा जिल्ला समन्वय समितिले खोलाहरूको प्रारम्भिक वातावरणीय रिपोर्ट तयार गरी वन कार्यालयको स्वीकृति लिएर स्थानीय तहलाई खोला उत्खननको लागि ठेक्का लगाउन स्वीकृति प्रदान गर्दै आएको थियो। तर यस वर्ष पर्सा जिल्लाका सातवटा खोलामध्ये दुईवटा खोलाको मात्र अहिलेसम्म प्रारम्भिक वातावरणीय रिपोर्ट तयार भएको र सोहीअनुरूप सम्बन्धित पालिकाले ठेक्का लगाइसकेको छ।

ठेक्का लागेको खोलामा वीरगंज महानगरको भेडाहा खोला र पर्सागढी नगरपालिकाको सिंघाही खोला मात्र छन्। यी खोलाहरूमा पनि ठेक्का दुई महीनापछि लागेको हो। जिल्ला समन्वय समिति, पर्साले समयमा प्रारम्भिक वातावरणीय रिपोर्ट तयार नगर्दा गत वर्षझैं यो वर्ष पनि नदीजन्य पदार्थको वैध उत्खननमा समस्या देखिएपछि अवैध उत्खनन तीव्र गतिमा भइरहेको छ।

पर्सा जिल्लामा भेडाहा, सिंघाही, कर्जनिया, जमुनिया, भलुवाही, ओरिया र गादी खोला गरी सातवटा खोला छन्। गत वर्ष पनि प्रारम्भिक वातावरणीय रिपोर्टको अभाव र प्रदेश सरकारको रोकका कारण भेडाहा र सिंघाही खोलामा मात्र ठेक्का लाग्न सकेको थियो।

जिल्ला समन्वय समिति, पर्साका सभापति नेकमहम्मद अन्सारीले प्रारम्भिक वातावरणीय रिपोर्ट तयार नभएको र केही खोला दुई पालिकाको बीचमा पर्ने हुनाले विवाद हुन गई ठेक्का लाग्न नसकेको बताए। उनले दुई पालिकामा पर्ने खोलाहरूको विवादको कारण पनि प्रारम्भिक वातावरणीय रिपोर्ट तयारीमा समस्या भएको बताए। सभापति अन्सारीले ठेक्का नलागेका खोलाहरूमा अवैध उत्खनन भइरहेको स्वीकारे। उनले जिससलगायतको टोली अनुगमनमा जाँदा अवैध उत्खनन रोकिने र फर्केर आउने बित्तिकै अवैध उत्खनन शुरू हुने गरेको बताए।

स्थानीय सुरक्षाकर्मीहरूले ठेक्का नलागेका खोलामा हुने अवैध उत्खनन रोक्नेतर्फ चासो देखाएका छैनन्। वन क्षेत्र अन्तर्गतका खोलाहरूमा पनि सब डिभिजन वन कार्यालयहरूले चासो नदेखाएका कारण अवैध उत्खनन तीव्र गतिमा भइरहेको छ। दैनिक सयौं टयाक्टरले अवैध उत्खनन भएका बालुवा, ढुङ्गा, ग्रेभल ओसारिरहेका छन्।

सम्बन्धित सुरक्षाकर्मी र वनकर्मीहरूको संलग्नतामा अवैध उत्खनन भइरहेको स्थानीयहरूको आरोप छ।

एकाबिहानैदेखि बेलुकासम्म अवैध उत्खनन भइरहेकोमा सोको रोकथाम नगर्नुले आर्थिक मिलेमतो भएको स्थानीयहरूले बताए।

## पार्टी कसैले फुटाउन सक्दैन –नेता नेपाल

प्रस, जीतपुर, ११ मङ्सिर/

नेकपाका वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कुनै पनि अवस्थामा नेकपालाई आफूले फुट्न नदिने बताएका छन्।


तस्वीरः सौजन्य

पुष्पलाल स्मृति प्रतिष्ठान बाराले सिमरामा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले नेकपा फुट्दैन, कसैले फुटाउन सक्दैन र म पनि फुट्न दिन्नँ भने। उनले पार्टीभित्र अन्तरद्वन्द्व देखिएको र पार्टी फुट्ने भनी हल्ला चले पनि कुनै पनि हालतमा पार्टी फुटाउन नदिने बताए। नेता नेपालले दम्भ देखाएको कारण वर्तमान अवस्था सिर्जना भएको भन्दै आफूलाई कसैको दम्भ स्वीकार्य नभएको चेतावनी दिए। पार्टीमा विधि र पद्धतिको संस्कार स्थापित गर्न आफू लागिपरेको र यो क्रममा कसैले दिने धम्की, देखाउने दम्भबाट आफू नडराउने पनि बताए।

पार्टी विधि र पद्धतिबाट चल्नुपर्छ भन्ने मान्यता राख्दै सोहीअनुरूप अगाडि बढाउन आफ्नो प्रयास निरन्तर रहने उनले प्रस्ट्याए। पार्टीभित्रका विवाद विधिगतरूपमा छलफलको माध्यमबाट समाधान गर्नुपर्ने उनको सुझाव छ। उनले कसैले पार्टी फुटाउने धम्की दिन्छ भने त्यो स्वीकार्य नहुने बताए। पार्टीभित्र सबैको अधिकार समान हुनुपर्ने बहसमा आफू रहेको र सोहीअनुरूपको कार्य गर्दै जाने उनले बताए।

पार्टीभित्र अर्काको अस्तित्व स्वीकार नगर्ने प्रवृत्तिले वर्तमान समस्या सिर्जना भएको भन्दै उनले अस्तित्व स्वीकार गरेको खण्डमा वर्तमान विवाद पनि आफैं छेउ लाग्ने बताए। नेता नेपालले पर्सा, बारा, रौतहटमा पार्टी निर्माण गर्ने क्रममा स्व पुष्पलालको योगदान अविस्मरणीय रहने बताए। उनले स्व पुष्पलाललाई यस क्षेत्रका जनताले कहिल्यै नबिर्सिने दाबी गरे।

बारा शाखाका संयोजक पलट चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा नेकपा प्रदेश २ का सहइन्चार्ज नागेन्द्र चौधरी, पूर्वमन्त्री पुरुषोत्तम पौडेल, केन्द्रीय सदस्य दिनेश राई, बाराका सचिव सुन्दर विश्वकर्मा, पुष्पलाल स्मृति प्रतिष्ठान प्रदेश २ का सचिव कमलेश झालगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण मनोज पौडेलले गरेका थिए। यसैबीच, पलट चौधरीको संयोजकत्वमा ४१ सदस्यीय पुष्पलाल स्मृति प्रतिष्ठान बारा शाखा घोषणा गरिएको छ।

# खेलकूदको संसार

## अर्जेन्टिनी फूटबलर म्याराडोनाको निधन

ब्युनर्स आयर्स, ११ मङ्सिर/एपी

अर्जेन्टिनाका महान फूटबल खेलाडी डिएगो म्याराडोनाको ६० वर्षको उमेरमा निधन भएको छ।



सन् १९८६ को विश्वकपको उपाधि जित्दा उनी प्रमुख खेलाडी थिए।

म्याराडोनाका प्रवक्ता सेबास्टियन सान्चीले म्याराडोनाको हृदयघातका कारण बुधवार निधन भएको जानकारी दिए। ब्युनर्स आयर्सको एक अस्पतालमा मस्तिष्कको शल्यक्रिया गरिसकेपछि दुई हप्ता पहिले डिस्चार्ज भएर घरमैं आराम गरिरहेका थिए।

अर्जेन्टिनाका राष्ट्रपतिको कार्यालयले म्याराडोनाको निधनमा तीन दिने राष्ट्रिय शोक घोषणा गरिने जनाएको छ। अर्जेन्टिनी फूटबल सङ्घले म्याराडोनाको निधनप्रति सामाजिक सञ्जाल ट्वीटरमार्फत गहिरो दुःख व्यक्त गरेको छ।

सन् १९८६ विश्वकप फूटबलमा म्याराडोनाले इङल्यान्डविरुद्धको फाइनल खेलमा टाउकाले बल हान्नेक्रममा बलले हातलाई छोएको थियो, तर त्यही हातले छोएर भएको गोल सदर भयो। त्यही कारण उनको त्यो गोल गर्ने हातलाई "ह्यान्ड अफ गड" भनिन्छ। अर्जेन्टिनाका राष्ट्रपति अल्फ्रेडो फर्नान्डेजले म्याराडोनाले अर्जेन्टिनालाई विश्वभर चिनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै म्याराडोनाले अर्जेन्टिनीलाई अति खुशी तुल्याउन अतुलनीय योगदान गरेको बताए। लागूऔषध सेवनको कुलतमा फसेका कारण ठूलो मानसिक, सामाजिक क्षति बेहोर्नु परे पनि आफ्नो जीवनकालमा म्याराडोनाले धेरै पदक र पुरस्कार प्राप्त गरेका थिए। रासस

## पानीको सतह बढ्यो, चापाकलबाट स्वतः पानी आउन थाल्यो

प्रस, सेढवा, ११ कात्तिक/

यसअघिका वर्षहरूमा गर्मीयाममा पानीको मुहान सुक्ने गरेकोमा यस वर्ष पर्साका ग्रामीण क्षेत्रहरूमा सो समस्या रहेन। लकडाउन अवधिमा निरन्तर पानी परेको कारण पानीको मुहान सुकेन। जसले गर्दा ठोरी गाउँपालिकामा यस वर्ष पानीको समस्या भएन।


ठोरी गाउँपालिकाका वडामा धारा र चापाकलबाट स्वतः पानी आउँदै। तस्वीरः प्रतीक

प्रत्येक वर्ष ठोरी गापामा गर्मीयाम शुरू भएसँगै पानीको सतह घट्ने र मुहान सुक्ने समस्याले स्थानीय पीडित हुन्थे। तर यसपटक ठीक उल्टो भएको छ। अहिले पानीको सतह बढेर चापाकलहरूमा स्वतः पानी आउने गरेको छ। पानी चलाउनको लागि अहिले हैन्डलको प्रयोग पनि गर्नु नपरेको ठोरी गापा–५ का अष्टबहादुर लोप्चनले बताए।

उनले यस वर्ष ओरिया खोलामा एक दशकपछि पानी बग्न थालेको र भूमिगत सिंचाइका लागि जडान गरिएका बोरिङहरू सहजरूपमा दमकलद्वारा सञ्चालनमा आएको बताए। जङ्गलसँग सीमा जोडिएको जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी तथा पर्सागढी नगरपालिकामा जडित चापाकलमा अहिले आफैं पानी आउने गरेको छ। जीराभवानी गापा–२ सेढवा निवासी बालेश्वर यादवले अहिले चापाकलमा पानी तान्ने समस्या नरहेको बताए। उनले कलमा आफैं पानी आइरहेको बताए।

## आलीको विषयमा रौतहटमा झडप एकजनाको ज्यान गयो

प्रस, रौतहट, ११ मङ्सिर/

गरुडा नगरपालिका वडा नं ७ भीमडाबर बस्ने ध्यानी ठाकुर लोहारको खेतको आली फतिङ्गा ठाकुरका छोरा रामसहाय ठाकुरले काटेको विषयलाई लिएर झगडा हुँदा एकजनाको मृत्यु भएको छ।

ध्यानी ठाकुर, नागेन्द्र ठाकुर र ज्ञानी ठाकुरसमेतले लामो चिरान काठले फतिङ्गा ठाकुरको टाउकोमा प्रहार गर्दा सख्त घाइते भई घटनास्थलमा ढलेका थिए।

इलाका प्रहरी कार्यालय गरुडाबाट प्रहरी टोली खटी घाइतेलाई उपचारार्थ गरुडा सिटी अस्पतालमा पुऱ्याउँदा ११:२५ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ। गत सोमवार खेतको आली काटेको विषयमा बुधवार बिहान अं.१०:१५ बजेको समयमा ध्यानी ठाकुर र फतिङ्गा ठाकुरबीच विवाद भई झैंझगडा हुँदा वर्ष ५० का ध्यानी ठाकुर, वर्ष ४५ का नागेन्द्र ठाकुर, वर्ष ५२ का ज्ञानी ठाकुरसमेतले लामो चिरान काठले फतिङ्गा ठाकुरको टाउकोमा प्रहार गर्दा सख्त घाइते भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

कुटपिट गर्ने ध्यानी ठाकुरसमेत घटनास्थलबाट फरार भएकोमा ध्यानी ठाकुरलाई भीमडाबरस्थित परालको भुसभित्र लुकेको अवस्थामा पक्राउ गरिएको छ। अन्य फरारको खोजी कार्य जारी रहेको जनाइएको छ। घटनास्थल अनुसन्धानपश्चात् शल्यपरीक्षणको लागि लाश जिल्ला अस्पताल गौरमा पठाइएको छ। थप अनुसन्धान कार्य भइरहेको जिप्रकाले जनाएको छ।






प्रतिलिपि अधिकारको पालना गरौं। कुनै पनि रचना, कलाकृति, गीत संगीत चलचित्र, कम्प्युटर सफ्टवेयर आदिमा धनीको (रचनाकार, सर्जक, निर्माता, उत्पादक) एकाधिकार रहन्छ। धनीको स्वीकृति बीना उत्पादन, पुनःउत्पादन, प्रकाशन प्रसारण विक्री वितरण, डाउनलोड आदि कार्य गरेमा कानुन बमोजिम जरिवाना र कैद सजाय हुन्छ। कानुन बमोजिम कसुरसँग सम्बन्धित माल जफत एवं क्षतिपूर्ति समेत तिर्नुपर्ने हुन्छ। तसर्थ त्यस्तो कार्यको थालनी धनीको स्वीकृति लिएर मात्र गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग